# लिखु गाउँपालिका
# विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना-२०७८
# Disaster Preparedness and Response Plan-2078




प्रकाशक

लिखु गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

यसम, ओखलढुङ्गा

प्रदेश नं. १, नेपाल

# लिखु गाउँपालिका

# विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना

## Disaster Preparedness and Response Plan

प्रकाशक

## लिखु गाउँपालिका


गाउँ कार्यपालिकाको कार्यालय

**यसम, ओखलढुंगा**

प्रदेश नं. १, नेपाल

२०७८/०७९


| | |
|---|---|
| दस्तावेज : | लिखु गाउँपालिका विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७८/७९ |
| प्रकाशक तथा सर्वाधिकार : | लिखु गाउँपालिका विपद् व्यवस्थापन समिति यसम, ओखलढुङ्गा |
| प्राविधिक सहयोग : | सहयोगी हातहरूको समूह (सहास) नेपाल |
| सम्पादन : | अम्बर बहादुर थापा, राजु जती, होम ब. विश्वकर्मा |
| प्रकासन मिति : | फागुन, २०७८ |




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० / १:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

# भूमिका

लिखु गाउँपालिकाले विगत वर्षहरूमा बाढी, पहिरो, हावाहुरी, आगलागी र जनावर आतङ्क जस्ता प्राकृतिक एवं गैरप्राकृतिक विपद्को क्षति व्यहोर्नु परेको छ । विभिन्न कारणहरूबाट गाउँको विपद् जोखिम बढ्दो क्रममा रहेको छ । आगामी दिनहरूमा व्यवस्थित र प्रभावकारी रूपमा प्रकोप र विपद्हरूको सामना गर्न यो विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गरिएको छ । विपद् जोखिम सम्बन्धी धेरै जानकारी र गाउँको विपद् व्यवस्थापन क्षमता अभिवृद्धि गर्नुपर्ने आवश्यकता छ । सम्बन्धित सबैको सहयोगमा अपेक्षित क्षमता हासिल हुनेछ भन्ने आशा लिएको छु । योजना कार्यान्वयनका आधारमा हरेक ६ महिनामा सामान्य अद्यावधिक गर्ने, उपलब्ध सूचनाका आधारमा हरेक २ वर्षमा पुनरावलोकन र अद्यावधिक गर्ने गरी तय गरिएको छ ।

आउन सक्ने सम्भावना भएका प्रकोपहरूका असरहरू कम गर्ने र विकासका कार्यक्रम तथा योजनाहरूमा विपद् जोखिम न्यूनीकरणका प्रयासहरूलाई मूल प्रवाहीकरण गर्ने गाउँपालिकाको रणनीति रहेको छ । कम गर्न सम्भव नभएका विपद्जन्य प्रकोपका घटनाहरूमा प्रभावकारी प्रतिकार्य आवश्यक रहेको हुँदा यस पूर्वतयारी तथा प्रतिकार्य योजनाले सहयोग पुऱ्याउनेछ भन्ने विश्वास लिएको छु ।

योजना तयार गर्नका लागि नेतृत्व र समन्वय गर्नु हुने गाउँपालिकाका पदाधिकारीहरू, कर्मचारीहरू, विभिन्न राजनीतिक दलका प्रतिनिधिहरू, समाजसेवी, बुद्धिजीवि, अग्रज व्यक्तित्वहरू, कृषक दाजुभाइ तथा दिदीबहिनी र प्राविधिक सहयोग गर्ने संस्था सहयोगी हातहरूको समूह (सहास) नेपाललाई धन्यवाद दिन चाहन्छु ।

योजना कार्यान्वयन गर्न गाउँपालिकाका सबै सरोकारवालाहरूका साथसाथै प्रदेश र संघीय सरकारबाट यथेष्ठ सहयोग मिल्नेछ भन्ने अपेक्षा गरेको छु ।

**गोविन्द ब. पौडेल**
(अध्यक्ष)
लिखु गाउँपालिका, ओखलढुङ्गा

# विषयसूची


**परिच्छेद १ : प्रारम्भिक**

१.१ पृष्ठभूमि
१.२ योजनाको उद्देश्य
१.३ योजना तर्जुमा प्रक्रिया
१.३.१ गाउँपालिका विपद् व्यवस्थापन समितिको बैठक
१.३.२ आधारभूत अध्ययन
१.३.३ विषयक्षेत्र (ऋगिकतभच) को बैठक
१.३.४ कार्यशाला गोष्ठी
१.३.५ योजनाको मस्यौदा तयारी
१.३.६ योजनाका प्रस्तावित क्रियाकलापको परीक्षण
१.३.७ पृष्ठपोषण सङ्कलन र अन्तिम मस्यौदा तयारी

**परिच्छेद २ : विपद् जोखिम र व्यवस्थापनको अवस्था**

२.१ गाउँपालिकाको संक्षिप्त परिचय
२.२ गाउँपालिकामा विद्यमान प्रमुख प्रकोपहरु
२.३ विगतका विपद्को अवस्था विश्लेषण
२.३.१ विपद्को ऐतिहासिक समय रेखा
२.३.२ विपद् आवृत्ति
२.३.३ विपद्बाट भएका क्षतिको विवरण
२.४ सम्भाव्य प्रकोप तथा सम्भावित प्रभाव क्षेत्र
२.५ प्रकोपहरुको सम्भाव्य जोखिम विश्लेषण
२.६ पूर्वसूचना प्रणालीको अवस्था
२.७ नीतिगत, कानूनी तथा संस्थागत व्यवस्था
२.८ विषयक्षेत्र तथा कार्य जिम्मेबारी
२.८.१ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्र
२.८.२ खाद्य तथा कृषि क्षेत्र
२.८.३ स्वास्थ्य तथा पोषण क्षेत्र
२.८.४ खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन क्षेत्र
२.८.५ आपत्कालीन आश्रय तथा गैर खाद्य सामग्री क्षेत्र
२.८.६ संरक्षण तथा सुरक्षा क्षेत्र
२.८.७ आपत्कालीन शिक्षा क्षेत्र
२.८.८ शीघ्र पुनर्लाभ क्षेत्र

**परिच्छेद ३ : पूर्वतयारी तथा प्रतिकार्य योजना**

३.१ सामान्य पूर्वतयारी योजना
३.१.१ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको सामान्य पूर्वतयारी योजना
३.१.२ खाद्य तथा कृषि क्षेत्रको सामान्य पूर्वतयारी योजना
३.१.३ स्वास्थ्य तथा पोषण क्षेत्रको सामान्य पूर्वतयारी योजना
३.१.४ खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको सामान्य पूर्वतयारी योजना
३.१.५ आपत्कालीन आश्रय र गैर खाद्य सामग्री क्षेत्रको सामान्य पूर्वतयारी योजना
३.१.६ संरक्षण तथा सुरक्षा क्षेत्रको सामान्य पूर्वतयारी योजना
३.१.७ आपत्कालीन शिक्षा विषयक्षेत्रको सामान्य पूर्वतयारी योजना
३.१.८ शीघ्र पुनर्लाभ क्षेत्रको सामान्य पूर्वतयारी योजना
३.२ पूर्वानुमानमा आधारित पूर्वतयारी योजना
३.२.१ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना
३.२.२ खाद्य तथा कृषि क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना
३.२.३ स्वास्थ्य तथा पोषण क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना
३.२.४ खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको पूर्वानुमानमा आधारित पूर्व तयारी योजना
३.२.५ आपत्कालीन आश्रय र गैर खाद्य सामग्री क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना
३.२.६ संरक्षण तथा सुरक्षा क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना
३.२.७ आपत्कालीन शिक्षा क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना
३.२.८ शीघ्र पुनर्लाभ क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना
३.३ आपत्कालीन प्रतिकार्य (कार्यविधि) योजना
३.३.१ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको प्रतिकार्य योजना
३.३.२ खाद्य तथा कृषि क्षेत्रको प्रतिकार्य योजना
३.३.३ स्वास्थ्य तथा पोषण क्षेत्रको प्रतिकार्य योजना
३.३.४ खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको प्रतिकार्य योजना
३.३.५ आपत्कालीन आश्रय र गैर खाद्य सामग्री क्षेत्रको प्रतिकार्य योजना
३.३.६ संरक्षण तथा सुरक्षा क्षेत्रको प्रतिकार्य योजना
३.३.७ आपत्कालीन शिक्षा क्षेत्रको प्रतिकार्य योजना
३.३.८ शीघ्र पुनर्लाभ क्षेत्रको प्रतिकार्य योजना

**परिच्छेद ४ : बन्दोबस्ती सामग्रीको उपलब्धता तथा आवश्यकताको लेखाजोखा**

४.१ श्रोत साधनको वर्तमान अवस्था
४.२ विपद् प्रतिकार्यका लागि जनशक्तिको उपलब्धता
४.३ बन्दोबस्ती सामग्रीको आंकलन
४.४ थप स्रोत साधनको आवश्यकता र अनुमानित लागत

**परिच्छेद ५ : विविध**

५.१ स्रोत साधनको व्यवस्थापन
५.२ अन्य निकायसँगको समन्वय र सहकार्य
५.३ अनुगमन, मूल्याङ्कन तथा सिकाइ
५.४ क्षमता विकास रणनीति र योजना

## अनुसूची


अनुसूची-१ : प्राविधिक कार्य समूहको प्रथम बैठकको कार्यसूची

अनुसूची-२ : स्थानीय विपद् व्यवस्थापन समितिबाट प्राविधिक कार्य समूहलाई प्रदान कार्यादेश

अनुसूची-३ : सरोकारवाला निकायको पहिचान तालिका

अनुसूची-४ : विषयक्षेत्रको प्रथम बैठकको कार्यसूची

अनुसूची-५ : विषयक्षेत्र सदस्य संस्थाको कार्यशर्त

अनुसूची-६ : अगुवा सहयोगी संस्थाको कार्यशर्त

अनुसूची-७ : कार्यशाला गोष्ठीको कार्यसूची

अनुसूची-८ : स्थानीय विपद् व्यवस्थापन समितिमा विद्यमान पदाधिकारीहरुको विवरण

अनुसूची-९ : विषयक्षेत्र अन्तर्गतका सरोकारवाला निकाय तथा संस्थाहरुको विवरण

सन्दर्भ सामग्री

## परिच्छेद-१
## प्रारम्भिक

### १.१ पृष्ठभूमि
नेपालको संविधानले विपद् व्यवस्थापन स्थानीय तहको एकल अधिकार सूचीको रुपमा सूचीकृत गरेको छ । संवैधानिक व्यवस्था कार्यान्वयन  गर्न संघ, प्रदेश र स्थानीय तहमा नीति, ऐन, नियम तथा निर्देशिकाहरु तर्जुमा भएका छन् । साथै विपद् व्यवस्थापनका लागि केन्द्र देखि समुदाय तहसम्म विभिन्न संस्थागत संरचना गठन गरी क्रियाशील रहेका छन् । स्थानीय विपद् व्यवस्थापन समिति पनि यस्तै संरचना मध्येको एक हो । स्थानीय तहमा हुने विपद् व्यवस्थापनको सन्दर्भमा यस समितिको महत्वपूर्ण भूमिका रहेको हुन्छ । स्थानीय तहमा गरिने विपद् पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी कार्यलाई व्यवस्थित र प्रभावकारी ढङ्गबाट सम्पन्न गर्न समितिले यस सम्बन्धी छुट्टै योजना तर्जुमा गर्नुपर्ने हुन्छ । विद्यमान कानुनी व्यवस्था अनुरुप समेत स्थानीय तहले विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्न आवश्यक रहेको छ ।

जलवायु परिवर्तन तथा अन्य विभिन्न कारणबाट संसारमा प्रकोप जोखिमको अवस्थामा वर्षेनी वृद्धि हुने गरेको छ । यस गाउँपालिका पनि यस्ता प्रकोप जोखिमहरुबाट अछुतो रहन सकेको छैन् । यस गाउँपालिकामा विपद्बाट हुने जनधनको क्षति न्यूनीकरण गर्न, विपद् प्रतिकार्य र पुनर्लाभलाई गति दिन र यस कार्यमा सरोकारवालाहरु बीचको समन्वयलाई प्रभावकारी बनाउन विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्न आवश्यक देखिएको छ ।

प्रस्तुत सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा (२) को खण्ड (न) र नेपाल सरकारबाट जारी विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०७६ अनुरुप यस गाउँपालिकाले यो विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गरेको छ ।


### १.२ योजनाको उद्देश्य
यस गाउँपालिकामा विपद् व्यवस्थापनको पूर्वतयारी र यस सम्बन्धी प्रतिकार्यलाई प्रभावकारी बनाइ सम्भावित जनधनको क्षति कम गर्नु यस योजनाको प्रमुख उद्देश्य हो । यसका अन्य उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :

(क) विपद् प्रतिकार्यका लागि विषयक्षेत्रहरुको भूमिका तथा जिम्मेवारी निर्धारण गर्नु,
(ख) विपद् प्रतिकार्यका लागि मुख्य जिम्मेवार तथा सहयोगी निकायहरुको पहिचान र अद्यावधिक गर्नु,
(ग) विपद् लेखाजोखा, जोखिम नक्साङ्कन, विगतमा घटेका विपद्का घटनाहरुको तथ्याङ्क सङ्कलन र विश्लेषणका आधारमा जोखिम सूचित योजना तर्जुमा गर्नु,
(घ) विपद् प्रतिकार्यका लागि सामान्य पूर्वतयारी, पूर्वानुमानमा आधारित पूर्वतयारी तथा आपत्कालीन प्रतिकार्यका क्रियाकलापहरु तय गर्नु र
(ङ) विपद् प्रतिकार्यका लागि हाल उपलब्ध श्रोत, साधन र जनशक्तिको लेखाजोखा एवम् सम्भावित विपद्को सामना गर्न आवश्यक क्षमताको आँकलन, प्रक्षेपण र प्रवन्ध गर्नु ।

### १.३ योजना तर्जुमा प्रक्रिया
विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०७६ ले गाउँ/नगरपालिकाको स्थानीय विपद् व्यवस्थापन समितिको नेतृत्व र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको क्षेत्रमा संलग्न निकाय तथा विषयक्षेत्रको सहभागितामा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्नुपर्ने व्यवस्था गरेको छ । सोही



व्यवस्था अनुसार यस गाउँपालिकाले सहभागितामूलक प्रक्रिया अपनाइ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गरेको छ । विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्दा अवलम्बन गरिएको ढाँचा देहाय बमोजिम रहेको छ :




माथि उल्लिखित ढाँचामा योजना तर्जुमाका चरणहरुको संक्षेपमा तल चर्चा गरिएको छ :

#### १.३.१ गाउँपालिका विपद् व्यवस्थापन समितिको बैठक
विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयारीका लागि सर्वप्रथम मिति २०७७ साल चैत्र २७ गतेका दिन गाउँपालिकाको विपद् व्यवस्थापन समितिले तयारी बैठकको आयोजना गरेको थियो । बैठकले योजना तर्जुमा गर्न ८ वटा विषयक्षेत्रहरुको निर्धारण गर्नुका साथै विगतका घटना सम्बन्धी तथ्याङ्क, प्रकोप नक्सा, सङ्कटासन्नता तथा जोखिम आङ्कलन, पूर्वानुमान एवम् पूर्वसूचना प्रणाली र विपद् सम्बन्धी विद्यमान सन्दर्भ सामग्रीको समीक्षा गर्न र योजना तर्जुमा प्रक्रियामा प्राविधिक सहयोग गर्नका लागि अनुभव प्राप्त विज्ञ समेत रहेको प्राविधिक कार्य समूह (Technical working Group) गठन गरेको थियो । प्राविधिक कार्य समूहको बैठकको कार्यसूची अनुसूची १ मा संलग्न छ । स्थानीय विपद् व्यवस्थापन समितिको बैठकले कार्य समूहलाई काम, कर्तव्य र जिम्मवारी सहित अनुसूची २ बमोजिमको कार्यदेश प्रदान गरेको थियो । बैठकले स्थानीय तहमा कार्यरत सरोकारवाला र साझेदार संस्थाको पहिचान तथा सूचीको प्रस्ताव तयार गरी सूचीलाई पूर्णता प्रदान गर्ने विषयलाई कार्य समूहको जिम्मेवारीमा समावेश गर्ने निर्णय समेत गरेको थियो । यसरी पहिचान गरिएका सरोकारवाला निकायहरुको विवरण अनुसूची ३ मा समावेश गरिएको छ ।

#### १.३.२ आधारभूत अध्ययन
स्थानीय विपद् व्यवस्थापन समितिबाट स्थानीय विपद् व्यवस्थापन सम्बन्धी मौजुदा नीति, योजनाहरु, विपद्का घटना समन्धी तथ्याङ्क, प्रकाशनहरु, प्रकोप नक्सा लगायत सान्दर्भिक सामग्रीहरुको पुनरावलोकन र समीक्षा गरी विपद् जोखिम सम्बन्धी आधारभूत अध्ययन (Baseline study) र विश्लेषण गरिएको थियो । योजना तर्जुमाका

क्रममा देहाय बमोजिमका तथ्याङ्क, दस्तावेज, प्रकाशन र अभिलेखहरुको समेत अध्ययन तथा विश्लेषण गरिएको थियो :

- विपद् व्यवस्थापन सम्बन्धी संघ, प्रदेश र स्थानीय तहका नीति, ऐन, नियम तथा निर्देशिका,
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय रणनीति, २०७५ तथा प्रदेश र स्थानीय तहको रणनीतिक कार्य योजना,
- विपद्सँग सम्बन्धी प्रतिवेदनहरु,
- स्थानीय विपद्को इतिहास,
- विपद् व्यवस्थापनको विगतको अभ्यास, अनुभव तथा सिकाइ,
- जनसंख्या विवरण, सडक सञ्जाल, नदी, बसोबास क्षेत्र तथा गाउँपालिकाको सिमाना देखिने नक्सा,
- गाउँपालिकाको आवधिक योजना, विषयक्षेत्रगत योजनाहरु, प्रतिवेदनहरु

### १.३.३ विषयक्षेत्र (Cluster) को बैठक

विषयक्षेत्र अन्तर्गत पर्ने सरोकारवाला निकायहरुको पहिचान, सामान्य पूर्वतयारी योजना, पूर्वानुमानमा आधारित पूर्वतयारी योजना, आपत्कालीन प्रतिकार्य योजनाका क्रियाकलापहरु, विषयक्षेत्रसँग सम्बन्धित श्रोतहरुको आँकलन, आवश्यकताको लोखाजोखा आदि विषयहरुमा छलफल गर्न स्थानीय विपद् व्यवस्थापन समितिको आयोजनामा बैठकहरु सञ्चालन गरिएको थियो । विषयक्षेत्रगत रुपमा योजनाको प्रस्ताव तयार गर्न विषयक्षेत्रगत समितिहरु गठन गरिएको थियो । विषयक्षेत्रको समितिहरुको बैठकको कार्यसूची अनुसूची ४ मा प्रस्तुत गरिएको छ । विषयक्षेत्रका सदस्य संस्था (Cluster member) र ती निकायहरुको कार्यशर्त अनुसूची ५ मा तथा अगुवा सहयोगी संस्था (Lead support Agency) को कार्यशर्त अनुसूची ६ मा समावेश गरिएको छ ।

### १.३.४ कार्यशाला गोष्ठी

विषयक्षेत्रहरुको निष्कर्ष तथा प्राप्त योजनाको प्रस्ताव उपर छलफल गर्न स्थानीय विपद् व्यवस्थापन समितिको नेतृत्वमा कार्यशाला गोष्ठी आयोजना गरिएको थियो । कार्यशाला गोष्ठी आयोजना गर्नु अघि स्थानीय विपद् व्यवस्थापन समितिको बैठक बसी विषयक्षेत्रबाट प्राप्त निष्कर्ष तथा योजनाको प्रस्तावमा पर्याप्त छलफल र आवश्यक परिमार्जन गरिएको थियो । कार्यशालामा विषयक्षेत्रहरुको बैठकबाट प्रस्तावित विवरण तथा योजना उपर छलफल गरी सुझाव सङ्कलन गरिएको थियो । कार्यशाला गोष्ठीको कार्यसूची अनुसूची ७ मा संलग्न रहेको छ ।

मिति २०७७ साल चैत्र २९ देखि ३१ गतेसम्म सञ्चालित कार्यशाला गोष्ठीमा स्थीनीय विपद् व्यवस्थापन समितिका सदस्यहरु, विषयक्षेत्रका सदस्य संघ/संस्थाहरु साथै राजनैतिक दल, निजी क्षेत्रका प्रतिनिधिहरु, विज्ञ, पत्रकार, सङ्कटासन्न समुदाय लगायतका सरोकारवालाहरको सहभागिता रहेको थियो । कार्यशालाको सञ्चालन तथा सहजीकरण विज्ञ कार्य समूहले गरेको थियो । योजना तर्जुमा प्रक्रियामा मानवीय सहायतामा संलग्न सरकारी निकाय तथा राष्ट्रिय गैरसरकारी संस्थाहरुबाट सहयोग उपलब्ध रहेको थियो ।

### १.३.५ योजनाको मस्यौदा तयारी

उपलब्ध नीति, कानुन तथा दस्तावेजको अध्ययन तथा विश्लेषण, विषयक्षेत्रहरुको छलफल र द्वितीय श्रोतबाट संकलन गरिएका सूचनाहरु र कार्यशाला गोष्ठीबाट प्राप्त निष्कर्ष र सुझाव समावेश गरी गाउँपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको प्रस्तुत मस्यौदा तयार गरिएको छ ।



### १.३.६ योजनाका प्रस्तावित क्रियाकलापको परीक्षण

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको मस्यौदामा प्रस्ताव गरिएका मुख्य क्रियाकलापहरु उपयुक्त भए नभएको र त्यस्तो क्रियाकलाप कार्यानवयन गर्ने क्षमता गाउँपालिका तहमा उपलब्ध भए नभएको सुनिश्चित गर्न सरोकारवालाहरुको सहभागितामा कृत्रिम घटना अभ्यास (Simulation Exercise) मार्फत परीक्षण समेत गरिएको थियो । यस्तो परीक्षणबाट प्राप्त भएका पृष्ठपोषणलाई पनि यस योजना तर्जुमाको क्रममा ध्यान दिइएको छ ।

### १.३.७ पृष्ठपोषण सङ्कलन र अन्तिम मस्यौदा तयारी

कार्यशाला तथा कृत्रिम घटना अभ्यास समेतबाट प्राप्त पृष्ठपोषणका आधारमा तयार भएको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको मस्यौदामा सरोकारवाला निकाय, संघ संस्था र विज्ञहरुको सुझाव लिइएको थियो । यसरी प्राप्त भएका सुझावलाई स्थानीय विपद् व्यवस्थापन समितिले पुनरावलोकन गरी विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनालाई अन्तिम रुप दिइएको छ ।

# परिच्छेद-२
# विपद् जोखिम र व्यवस्थापनको अवस्था

## २.१ गाउँपालिकाको संक्षिप्त परिचय

लिखु गाउँपालिका प्रदेश नं. १ अन्तर्गत ओखलढुङ्गा जिल्लामा पर्दछ । यो गाउँपालिका पश्चिममा रामेछाप जिल्ला, पूर्व र दक्षिणमा चम्पादेवी गाउँपालिका र उत्तरमा खिजीदेम्बा गाउँपालिकाको सिमाना भित्र अवस्थित रहेको छ । लिखु गाउँपालिका समुद्री सतहबाट ६०० देखि २८०० मिटरसम्मको उचाइमा अवस्थित छ । संघीय राजधानी काठमाडौबाट करिव १७० किलोमिटर, प्रदेश राजधानी विराटनगरबाट ३२० किलोमिटर र जिल्ला सदरमुकामबाट ७५ किलोमिटर दूरीमा रहेको छ । ९ वटा वडा रहेको यस गाउँपालिकाको क्षेत्रफल ८८.०३ वर्ग किलोमिटर रहेको छ । यस गाउँपालिकाको केन्द्र वडा नम्वर ४ को यसममा रहेको छ । विक्रम सम्वत २०६८ को जनगणना अनुसार यहाँको जनसंख्या १४,०४९ (महिला : ७,५२३ र पुरुष ६,५२६) रहेको छ । यस गाउँपालिकाबाट २०७७/०७८ सालमा गरेको सर्वेक्षण अनुसार हालको कुल घरपरिवार संख्या ३,९९३ र जनसंख्या २३,४९९ पुगेको छ । यो गाउँपालिका महाभारत/हिमाली क्षेत्रको समथर/भिरालो भूभागमा अवस्थित छ । यस गाउँपालिकाको हावापानी उपोष्ण/समशितोष्ण/शितोष्ण रहेको छ ।

## २.२ गाउँपालिकामा विद्यमान प्रमुख प्रकोपहरु

यस गाउँपालिकाको विद्यमान प्रमुख प्रकोपहरुमा बाढी, पहिरो, आगलागी, भूकम्प, चट्याङ्ग, सडक दुर्घटना, महामारी आदि पर्दछन् । मानव वन्यजन्तु द्वन्द भोकमरी, असिनापानी, हावाहुरी, कृषि बालीमा हुने रोग, पशुरोग, खडेरी जस्ता प्रकोपहरबाट पनि हरेक वर्ष जनधनको क्षति हुने गरेको छ ।

## २.३ विगतका विपद्को अवस्था विश्लेषण

यस गाउँपालिकाको विपद्को अवस्था विश्लेषण गर्दा सबै भन्दा बढी क्षति बाढी पहिरोले गरेको छ, जसको पुनरावृत्ति पनि उच्च रहेको छ । मूलतः पहिरोले घरजग्गा बगाउने, खेतीयोग्य जमिन तथा सामुदायिक वनको जमिन कटान गर्ने गरेको र यसबाट अस्थायी वा स्थायी रुपमा वर्षेनी कैयौ मानिस विस्थापित हुने गरेका छन् । त्यस बाहेक बढी क्षति गर्ने प्रकोपहरुमा भूकम्प,आगलागी, चट्याङ्ग, महामारी र सडक दुर्घटना आदि पर्दछन् । मानव वन्यजन्तु द्वन्द, भोकमरी, असिनापानी, हावाहुरी, कृषि बालीमा हुने रोग, पशुरोग, खडेरी जस्ता प्रकोपबाट पनि उल्लेख्य मात्रामा क्षति भएको छ ।

यस गाउँपालिका क्षेत्रमा गत वर्षमा १६ पटक भन्दा बढी प्राकृतिक, गैरप्राकृतिक तथा जलवायु र गैरजलवायुजन्य साना र ठूला प्रकोप तथा विपद्का घटनाहरु घटेका छन् । यस गाउँपालिकामा आवृत्ति र गाम्भिर्यताको आधारमा अन्य प्रकोप तथा घटेका विपद्का घटनाहरुको तुलनामा बाढी पहिरोको असर तथा प्रभाव बढी देखिएको छ । जसको कारणले जनधन, व्यक्तिगत सम्पत्ति र अन्नपात समेत क्षति हुने गरेको छ । यस्ता प्रकोप तथा विपद्बाट विपन्न वर्ग, समुदायको आर्थिक अवस्था थप कमजोर बन्ने गरेको छ । यसरी विपद्को चपेटामा पर्ने घरपरिवार तथा समुदायलाई उत्थानशील र अनुकूलित बनाउन आवश्यक छ ।

### २.३.१ विपद्को ऐतिहासिक समय रेखा

यस गाउँपालिकामा विगत तीस वर्षयता विभिन्न समयमा घटेका प्राकृतिक, गैरप्राकृतिक, जलवायुजन्य विपद्का घटनाहरुको ऐतिहासिक समय रेखा, सोको प्रभाव र प्रभावित क्षेत्र, पूर्वातयारी र प्रतिकार्यका लागि गरिएका प्रयासलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :



| विपद् | क्र.सं. | घटना वर्ष | प्रभावित स्थान/क्षेत्र | वडा नं. |
|---|---|---|---|---|
| बाढी/पहिरो | १ | २०५० | पसलटार नौबिसे | १ |
| | २ | २०५० | जोगीडाँडा | ३ |
| | ३ | २०५० | राङ्गभाङ्ती देखि नसिङसम्म जोगीडाँडा | ३ |
| | ४ | २०५१ | खहरेखोला | २ |
| | ५ | २०५१ | टारकेराबारी १ देखि ९ | ८ |
| | ६ | २०५२ | राङ्गभाङ्ती देखि नसिङसम्म जोगीडाँडा | ३ |
| | ७ | २०५६ | तारुके, मचाबारी र कुबिन्डे | ४ |
| | ८ | २०५९ | डाँडाटोल | ५ |
| | ९ | २०६० | गोपे | ७ |
| | १० | २०६१ | पसलटार, नौबिसे र काफ्लेबेसी | १ |
| | ११ | २०६१ | राङ्गभाङ्ती देखि नसिङसम्म जोगीडाँडा | ३ |
| | १२ | २०६१ | टारकेराबारी | ८ |
| | १३ | २०६३ | पोकली | ९ |
| | १४ | २०६५ | पोकली | ९ |
| | १५ | २०६९ | सार्की टोल | ७ |
| | १६ | २०७२ | गाम्नाङ्गविर्ता खाल्टे | ६ |
| | १७ | २०७२ | आइतबारे | ७ |
| | १८ | २०७८ | राम्बा, गायोबोटे, पसलटार | १ |
| | १९ | २०७८ | ढाँडचौर चिउरीडाँडा | १ |
| | २० | २०७८ | पसलटार | १ |
| | २१ | २०७८ | राङ्गभाङ्ती देखि नसिङसम्म जोगीडाँडा | १ |
| आगलागी | १ | २०२३ | प्रायः सबै ठाँउ | ९ |
| | २ | २०३३ | पोकली | ९ |
| | ३ | २०६५ | झल्किनी | ७ |
| | ४ | २०७२ | बाघखोर, ढुली वन र धारापानी सामुदायिक वन | २ |
| | ५ | २०७३ | चिउरीडाँडा | १ |
| | ६ | २०७५ | गैरी | १ |
| | ७ | २०७६ | गाम्नाङ्गटार, खाल्टे | ६ |
| | ८ | २०७७ | भन्ज्याङ्ग चुली | ५ |
| | ९ | २०७७ | खत्री टोल | ७ |
| | १० | २०७८ | बाघखोर, ढुली वन र धारापानी सामुदायिक वन | २ |
| | ११ | प्रत्येक वर्ष | लिखु ३ | ३ |
| भूकम्प | १ | २०४५ | लिखु ५ यसम | ५ |
| | २ | २०४५ | गाम्नाङ्गटार | ६ |
| | ३ | २०४५ | पोकली | ९ |
| | ४ | २०६८ | गाम्नाङ्गटार | ६ |
| | ५ | २०७२ | सबै वडा १ देखि ९ | लिखु |

| विपद् | क्र.सं. | घटना वर्ष | प्रभावित स्थान/क्षेत्र | वडा नं. |
|---|---|---|---|---|
| चट्याङ्ग | १ | २०६२ | टारकेराबारी ५ | ८ |
| | २ | २०६७ | खत्री टोल | ७ |
| | ३ | २०६८ | रमाइलो मगर | ६ |
| | ४ | २०६८ | गाम्नाङ्गटार | ६ |
| | ५ | २०७८ | सिद्धथान | ७ |
| | ६ | २०७८ | टारकेराबारी ४ | ८ |
| सडक दुर्घटना | १ | २०७३ | रजाय | ४ |
| | २ | २०७४ | पिपन भित्ता | ३ |
| | ३ | २०७५ | रजाय | ३ |
| | ४ | २०७७ | नर्मदेश्वर महादेव मन्दिर | ३ |
| महामारी (कोभिड) | १ | २०७६ | लिखु सबै वडा | - |
| | २ | २०७७ | लिखु सबै वडा | - |
| | ३ | २०७८ | लिखु सबै वडा | - |
| मानव वन्यजन्तु द्वन्द | १ | हरेक वर्ष | गैरी | १ |
| | २ | हरेक वर्ष | लिखु ३ | ३ |
| भोकमरी | १ | २०२३ | पोकली | ९ |
| असिना पानी | १ | २०५५ | टारकेराबारी | ८ |
| हुरी बतास | १ | २०६० | नर्मदेश्वर | ३ |
| रोगकीरा | १ | प्रत्येक वर्ष | नर्मदेश्वर | ३ |

### २.३.२ विपद् आवृत्ति

यस गाउँपालिकामा विगत तीस वर्षयताका विपद्हरुको आवृत्तिको संक्षिप्त विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ :

| क्र.सं. | विपद् विवरण | आवृत्ति |
|---|---|---|
| १ | बाढी/पहिरो | २१ |
| २ | आगलागी | १२ |
| ३ | भूकम्प | १० |
| ४ | चट्याङ्ग | ६ |
| ५ | सडक दुर्घटना | ४ |
| ६ | महामारी | ३ |
| ७ | मनव वन्यजन्तु द्वन्द | २ |
| ८ | भोकमरी | १ |
| ९ | असिना पानी | १ |
| १० | हुरी बतास | १ |
| ११ | रोगकीरा | १ |



### २.३.३ विपद्बाट भएका क्षतिको विवरण

यस गाउँपालिकामा विगत तीस वर्षमा विभिन्न विपद्बाट भएको क्षतिको विवरण देहाय अनुसार रहेको छः

| विपद् | क्र.सं. | घटना वर्ष | प्रभावित स्थान/क्षेत्र | वडा नं. | क्षतिको विवरण | मानवीय क्षति | अनुमानित आर्थिक क्षति रु. |
|---|---|---|---|---|---|---|---|
| बाढी/पहिरो | १ | २०५० | पसलटार नौबिसे | १ | मकै खेत बगाएको | ० | - |
| | २ | २०५० | जोगीडाँडा | ३ | खेतबारी बगाएको र घर बाटोघाटो गाइवस्तु र बालीनालीमा असर | २ | - |
| | ३ | २०५० | राङ्गभाङ्ती देखि नसिङसम्म जोगीडाँडा | ३ | खेतबारी बगाएको घर र चौपायाको क्षति | ० | - |
| | ४ | २०५१ | खहरेखोला | २ | | ० | २,४०,००० |
| | ५ | २०५१ | टारकेराबारी | ८ | खेती योग्य जमिन कटान साविक ५ र ६ का केही बस्तीहरु जोखिम, सिंचाइ कुलो र खानेपानीका मुहान पाइपमा क्षति | ० | - |
| | ६ | २०५२ | राङ्गभाङ्ती देखि नसिङसम्म जोगीडाँडा | ३ | खेतबारी बगाएको घरमा क्षति | ० | - |
| | ७ | २०५६ | तारुके, मचाबारी र कुबिन्डे | ४ | ४ वटा सिंचाइ कुलो, खानेपानी ट्याँकीमा नोक्सानी, २० रोपनी खेतबारी पुरेको, बिजुली अवरोध र पानीका मुहान सुकेको | ० | - |
| | ८ | २०५९ | डाँडाटोल | ५ | बिसाउने ढुङ्गाको कुलो, ३ घर, १ वटा सार्वजनिक धारा र १० रोपनी खेतीयोग्य जमिन पुरेको | ४ | १,००,००० |
| | ९ | २०६० | गोपे | ७ | १५ थान जिआइ पाइप बगाएको, १० रोपनी जग्गा नोक्सानी | ० | ३,००,००० |
| | १० | २०६१ | पसलटार, नौबिसे र काफ्लेबेसी | १ | गोड्ने बेला भएका धानबाली नष्ट खेत कटान | ० | - |
| | ११ | २०६१ | राङ्गभाङ्ती देखि नसिङसम्म जोगीडाँडा | ३ | खेतबारी बगाएको, घर र चौपायामा क्षति | ० | - |
| | १२ | २०६१ | टारकेराबारी | ८ | खेतबारी बगाएको र घरमा क्षति | १ | - |
| | १३ | २०६३ | पोकली | ९ | खेतबारी बगाएको र घरमा क्षति | ० | - |
| | १४ | २०६५ | पोकली | ९ | खेतबारी बगाएको र घरमा क्षति | ० | - |
| | १५ | २०६९ | सार्की टोल | ७ | ३ घरमा क्षति | ० | ६,००,००० |
| | १६ | २०७२ | गाम्नाङ्गटार, खाल्टे | ६ | ३ घर र १ वटा धारामा क्षति | ० | - |
| | १७ | २०७२ | आइतबारे | ६ | इन्टेक, ट्याँकी र पाइप बगाएको साथै ५ रोपनी जमिनमा क्षति | ० | २,००,००० |
| | १८ | २०७८ | राम्बा, गोयोबोट र पसलटार | १ | खेत कटान | ० | - |

| विपद् | क्र.सं. | घटना वर्ष | प्रभावित स्थान/क्षेत्र | वडा नं. | क्षतिको विवरण | मानवीय क्षति | अनुमानित आर्थिक क्षति रु. |
|---|---|---|---|---|---|---|---|
| | १९ | २०७८ | ढाँडेचौर, चिउरीडाँडा | १ | १० घर बगाएको, जग्गा जमिन पुरेको, ७० वटा गाईभैसी र बाखा बगाएको | ० | - |
| | २० | २०७८ | पसलटार | १ | धान मकै नष्ट, १ घर पुरेको | ० | - |
| | २१ | २०७८ | राङ्भाङ्ती देखि नसिडसम्म जोगीडाँडा | ३ | खेतबारी बगाएको, चौपाया र घरमा क्षति | ० | - |
| आगलागी | १ | २०२३ | प्रायः सबै स्थान | १-९ | वनजंगल नाश र घरमा क्षति | ० | - |
| | २ | २०३३ | पोकली | ९ | वन जंगल नाश र घरमा क्षति | ० | - |
| | ३ | २०६५ | झल्किने | ७ | ४५ रोपनी जंगल नष्ट | ० | - |
| | ४ | २०७२ | बाघखोर र धारापानी सामुदायिक वन | २ | १७० हेक्टर सामुदायिक वन क्षेत्रका बोट बिरुवा र वन्यजन्तुमा क्षति | ० | ३,००,००० |
| | ५ | २०७३ | चिउरीडाँडा | १ | वन विनाश १२ घर जलेको र १४ वटा बाखा मरेका | ० | - |
| | ६ | २०७५ | गैरी १ | १ | १ घर पूर्ण क्षति र ६ वटा बाखा मरेका | ० | - |
| | ७ | २०७६ | गाम्नाङ्टार खाल्टे | ६ | घर र वनमा क्षति | ० | - |
| | ८ | २०७७ | भन्ज्याङ्ग चुली | ५ | खोलाखर्क सामुदायिक वनमा क्षति | ० | १०,००,००० |
| | ९ | २०७७ | खत्री टोल | ७ | १ घरमा क्षति | ० | ० |
| | १० | २०७८ | बाघखोरढुली र धारापानी सामुदायिक वन | २ | १७० हेक्टर वन क्षेत्रमा क्षति | ० | १,००,००० |
| | ११ | प्रत्येक वर्ष | नर्मदेश्वर | ३ | वन विनाश, खानेपानी र घरमा क्षति | ० | - |
| भूकम्प | १ | २०४५ | यसम | ५ | बिसाउने कुलोका १० घर क्षति | ३ जना घाइते | - |
| | २ | २०४५ | गाम्नाङ्टार | ६ | ३३१ घरधुरीमा क्षति | | - |
| | ३ | २०४५ | पोकली | ९ | विद्यालय, चौकी र मन्दिर | ० | - |
| | ४ | २०६८ | गाम्नाङ्टार | ६ | विद्यालय, चौकी, घर र मन्दिर | ० | - |
| | ५ | २०७२ | सिंहदेवी | १ | ३७१ घरधुरी क्षति | ० | - |
| | ६ | २०७२ | सिंहदेवी | २ | ४०० घरधुरी क्षति | ० | - |
| | ७ | २०७२ | नर्मदेश्वर | ३ | खानेपानी, विद्यालय र स्वास्थ्य चौकीमा क्षति | ० | - |
| | ८ | २०७२ | यसम | ४ | ३०० घरधुरीमा क्षति | ० | - |
| | ९ | २०७२ | यसम | ५ | ५ वटा खानेपानीको मुहान सुकेको, ट्याँकी फुटेको र ६५ घरधुरीमा क्षति | ४ जनाको मृत्यु | २५,००,००० |
| | १० | २०७२ | गाम्नाङ्टार | ६ | विद्यालय, स्वास्थ्य चौकी र मठ मन्दिरमा क्षति | ० | - |



| विपद् | क्र.सं. | घटना वर्ष | प्रभावित स्थान/क्षेत्र | वडा नं. | क्षतिको विवरण | मानवीय क्षति | अनुमानित आर्थिक क्षति रु. |
|---|---|---|---|---|---|---|---|
| | ११ | २०७२ | टारकेराबारी | ८ | १०० घर, ५० बाखा, १० भैसी, कुलो, खानेपानीको टयाँकीमा क्षति | ० | - |
| | १२ | २०७२ | पोकली | ९ | ४५० घरहरुमा क्षति | ० | - |
| चट्याङ्ग | १ | २०६२ | टारकेराबारी | ८ | खानेपानी र विजुली बत्तीको मुहानमा क्षति | १ जनाको मृत्यु | - |
| | २ | २०६७ | खत्री टोल | ७ | गोरु, भैसी र पाडा गरी ३ वटा पशुहरु मरेको | ० | १,२५,००० |
| | ३ | २०६८ | रमाइलोडाँडा | ३ | भौतिक क्षति | २ जना घाइते | - |
| | ४ | २०६८ | गाम्नाङ्टार | ६ | हल गोरुमा क्षति | ० | ५०,००० |
| | ५ | २०७८ | सिद्धथान | ७ | गाई, भैसी, बाखा गरी ७ वटामा क्षति | ० | ३,७५,००० |
| | ६ | २०७८ | टारकेराबारी | ८ | ५ वटा घर कटेरामा पूर्ण क्षति | ० | - |
| सडक दुर्घटना | १ | २०७३ | रजाय | ३ | ट्याक्टर र सामान क्षति | ० | - |
| | २ | २०७४ | पिपन भित्ता | ३ | | ० | - |
| | ३ | २०७५ | रजाय | ३ | | ० | - |
| | ४ | २०७७ | नर्मदेश्वर महादेव | ३ | | ० | - |
| महामारी(कोभिड १९) | १ | २०७६ | लिखु गाउँपालिका | १-९ | स्वास्थ्य, शिक्षा र रोजगारीमा क्षति | १ जनाको मृत्यु | - |
| | २ | २०७७ | | | | | |
| | ३ | २०७८ | | | | | |
| मानव वन्यजन्तु द्वन्द | १ | प्रत्येक वर्ष | गैरी | १ | कृषि | ० | - |
| | २ | | नर्मदेश्वर | ३ | कृषि खेतीपातीमा क्षति | ० | - |
| भोकमरी | १ | २०२३ | पोकली | ९ | | ० | - |
| असिना पानी | १ | २०५५ | टारकेराबारी | ८ | अन्नबाली बोट बिरुवा नष्ट | ० | - |
| हुरीबतास | १ | २०६० | नर्मदेश्वर | ३ | विद्यालयको छानो उडाएको | ० | - |
| रोगकीरा | १ | वर्षेनी | लिखु गाउँपालिका | १-९ | उत्पादनमा ह्रास | ० | - |

जङ्गली जनावरहरुको लागि आवश्यक र पर्याप्त खानेकुराको अभाव बढ्दै गएकोले यस्ता जनावरहरु बस्तीमा आइ खेतीबाली नष्ट गर्ने क्रम बढ्दै गएको छ । तरकारी, अन्नबाली र पशुचौपायाहरुमा रोग/किटाणुको समस्या बढ्दै गएको छ । जलवायु परिवर्तनका कारण भविष्यमा मौसमजन्य प्रकोपहरुको प्रकृति, मात्रा र यसबाट हुने क्षति अझै बढ्न सक्ने अनुमान गरिएको छ ।

## २.४ सम्भाव्य प्रकोप तथा सम्भावित प्रभाव क्षेत्र

यस गाउँपालिकाका ९ वटा वडाका १८ बस्ती, १२ कृषि क्षेत्र र ५ वन क्षेत्रहरु बाढी/पहिरोको जोखिममा रहेका छन् । विश्वव्यापी महाव्याधी कोभिड-१९ को असर सबै वडामा रहेको भएता पनि २, ३, ४ र ६ मा यसको जोखिम बढी देखिन्छ । हावाहुरी, असिनापानी, खडेरीबाट प्रायः सबै वडाहरुमा असर पर्न सक्छ । जङ्गली जनावर र छाडा पशुचौपायाबाट जनधनमा क्षति हुने सम्भावना १ र ३ नं. वडाहरुमा बढी देखिन्छ । वनमा हुने आगलागीबाट १, २, ३ र ९ नं. वडाहरुमा बढी असर पर्ने देखिन्छ । भूकम्पबाट हुन सक्ने क्षतिबाट भने सबै वडाहरु र जनसंख्या प्रभावित हुने अवस्था छ । यी प्रकोपहरुको वर्तमान क्षेत्र तथा सम्भावित जोखिमको नक्साङ्कन गर्ने कार्य सम्पन्न भएको छ ।

## २.५ प्रकोपहरुको सम्भाव्य जोखिम विश्लेषण

यस गाउँपालिकामा रहेका घरहरुको बनावट हेर्दा ७ रेक्टर स्केल म्यागनेच्युडको भूकम्प गएमा कम्तीमा २६० घरहरु बस्न नमिल्ने गरी भत्कन सक्ने सम्भावना आँकलन गरिएको छ । यस क्षेत्रमा बाढी/पहिरोले विगत वर्षहरुमा धेरै क्षति गरेको छ । विगत २०५९ र २०६९ साल जत्तिको ठूलो वर्षा भएमा २७ घर परिवारहरु (१४१) प्रत्यक्ष प्रभावित हुन सक्ने देखिन्छ ।

यस क्षेत्रमा जलवायु परिवर्तनको प्रक्षेपण अनुसार भविष्यमा वर्षा हुने दिनहरु घट्ने तर कुल वर्षा बढ्न सक्ने आँकलन भएकोले भविष्यमा बाढी पहिरोको जोखिम बढ्ने सम्भावना देखिन्छ । अव्यवस्थित बसोबास तथा कमजोर भौतिक संरचना निर्माणको क्रम बढ्दै गएकोले यसबाट जोखिम पनि बढ्न सक्ने देखिएको छ । तसर्थ आपत्कालीन व्यवस्था गर्न सक्ने गरी बाढी पहिरोको विपद् पूर्वतयारी गर्न आवश्यक देखिन्छ ।

सुख्खा खडेरीले वर्षेनी अन्नबाली उत्पादनमा कमी आएको देखिन्छ । हिउँद याममा पानीको मूल सुक्दै गएको र बढ्दो तापक्रमको कारणले भविष्यमा यस क्षेत्रमा सुख्खा खडेरीको अवस्था झन जटिल हुन सक्नेछ । अनुमानित २,८५४ जनसंख्याका लागि खडेरीका कारण हुने विपद् पूर्वतयारी गर्नुपर्ने हुन सक्छ ।

वनजङ्गल विनाशका कारण पर्याप्त खानेकुराको अभावमा जङ्गली जनावरहरु बस्तीमा आउने क्रम बढेको र यसबाट अन्नबाली नोक्सानीका घटना बढीरहेको गुनासाहरु आउने गरेका छन् । भविष्यमा बाढी, सुख्खा खडेरी, आगलागी, मिचाहा प्रजातिका वनस्पति प्रकोप आदिका कारण वनमा जनावरको लागि आवश्यक चरिचरन तथा बासस्थानको थप विनाश भई खेतीबाली र बस्तीमा जङ्गली जनावरहरु आउने क्रम अझ बढ्न सक्ने देखिन्छ । यसबाट मानव तथा वन्यजन्तु बीच द्वन्द बढ्दै जान सक्ने सम्भावना देखिएको छ । हरेक वर्ष खडेरी लगातार बढ्दै गएमा कतिपय वन्यजन्तुको संख्या घट्ने वा मासिन सक्ने सम्भावना समेत रहेको छ । संरक्षणका प्रयासहरुले मानव वन्यजन्तु द्वन्द समाधान गर्न सकिने हुँदा यस तर्फ विशेष ध्यान दिन जरुरी देखिएको छ ।
विकास तथा जीविकोपार्जनको लागि गरिने क्रियाकलापहरु जोखिम न्यूनीकरण गर्ने, उत्थानशील क्षमता अभिवृद्धि गर्ने र जलवायु परिवर्तनको असरको सामना गर्न अनुकूल हुने गरी सञ्चालन गर्ने व्यवस्था नमिलाएसम्म अन्य प्रकोपहरुबाट पनि यस गाउँपालिकामा जोखिम बढ्ने सम्भावना देखिन्छ ।

## २.६ पूर्वसूचना प्रणालीको अवस्था

यस गाउँपालिकामा प्रकोपको पूर्वसूचना प्रणाली स्थापना गरिएको छैन् । स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्रका् जिल्ला, प्रदेश तथा राष्ट्रिय आपत्कालीन कार्य सञ्चालन केन्द्रसँग सम्पर्क स्थापना गरी सूचना आदान प्रदान गर्ने गरिएको छ । तल्लो तटीय क्षेत्रमा बस्ने समुदायले माथिल्लो तटीय क्षेत्रमा बस्ने समुदायबाट नदी सतह गेज रिडरलाई सिधै सम्पर्क सूचना प्राप्त गर्ने गरिएको छैन् ।



## २.७ नीतिगत, कानूनी तथा संस्थागत व्यवस्था

यस गाउँपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५ को आधारमा स्थानीय विपद व्यवस्थापन समिति गठन गरिएको छ । समितिमा हाल रहेका पदाधिकारीहरुको विवरण अनुसूची ८ मा संलग्न छ । स्थानीय विपद् व्यवस्थापन समिति अन्तर्गत ८ वटा विषयक्षेत्र हेर्न अगुवा संस्था तोकी सम्बन्धित विषयक्षेत्रको योजना तर्जुमा र समन्वयको जिम्मेबारी प्रदान गरिएको छ ।

यस गाउँपालिकामा वातावरण तथा विपद् व्यवस्थापन शाखा स्थापना गरिएको छ । ९ वटा वडामा वडास्तरीय विपद् व्यवस्थापन समिति गठन गरिएको छ । यस गाउँपालिकामा विपद् व्यवस्थापन कोष स्थापना गरिएको छ । सो कोषमा आर्थिक वर्ष २०७८/०७९ मा गाउँपालिका र अन्य श्रोतबाट गरी रु.४५ लाख रकम जम्मा भएको छ । कोष सञ्चालन तथा परिचालनको लागि स्थानीय विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि तर्जुमा गरिएको छ । यस बाहेक गाउँपालिकामा विपद् व्यवस्थापन सम्बन्धी निति, ऐन, नियम तथा आवश्यक मार्गदर्शनहरु बनेका छन् ।

## २.८ विषयक्षेत्र तथा कार्य जिम्मेबारी

यस गाउँपालिकाले विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा र कार्यान्वयनका लागि देहाय बमोजिमका ८ वटा विषयक्षेत्र निर्धारण गरी निम्न बमोजिमका कार्य जिम्मेबारी प्रदान गरेको छ ।

### २.८.१ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्र

यस विषयक्षेत्रले विपद्को समयमा सम्पूर्ण सरोकारवालाहरुसँग समन्वय कायम गर्ने, विपद्को अवस्था आउन सक्ने पूर्वसूचना प्राप्त भएपछि स्थानीय सञ्चार माध्यमबाट सूचना सम्प्रेषण गर्ने, प्रकोपको कारण समस्यामा परिरहेकावा घाइतेलाई उद्धार गर्ने, हराएकाहरुको खोजी गर्ने, मानिस मृत्यु भएमा सनाखत गरी शव व्यवस्थापन (वा हस्तान्तरण) प्रवन्ध मिलाउने, प्रभावितहरुलाई राहत वितरण गर्ने जस्ता जिम्मेबारी निर्वाह गर्नेछ ।

### २.८.२ खाद्य तथा कृषि क्षेत्र

यो विषयक्षेत्रले विपद्को अवस्थामा प्रभावितहरुलाई तत्काल खानेकुरा, विस्थापित भइ शिविरमा बसेकालाई चामल, दाल, नुन र तेल आदि खाद्य सामग्री उपदब्ध गराउने, खानेकुरा पकाउनको लागि आवश्यक प्रवन्ध मिलाउने र कृषि क्षेत्रमा भएको क्षति विवरण तयार गर्ने जिम्मेवारी निर्वाह गर्नेछ ।

### २.८.३ स्वास्थ्य तथा पोषण क्षेत्र

यस विषयक्षेत्रले विपद्मा घाइते भएकाहरुको प्राथमिक उपचार गर्ने, महामारी हुनबाट बचाउने विधिहरु अवलम्वन गर्ने, शिविरमा उपचार गर्न नसकिने प्रकृतिका स्वास्थ्य समस्या भएका विरामी वा घाइतेलाई अस्पतालसम्म पुऱ्याई स्वास्थ्य उपचारको सुनिश्चितता गर्ने, महिला तथा बालबालिकामा पोषणको कमी भएमा त्यसबाट हुनसक्ने समस्या बारे प्रभावित र सरोकारवालालाई सचेत गर्ने जस्ता जिम्मेवारी निर्वाह गर्नेछ । साथै यस विषयक्षेत्रले कोभिड १९ लगायतका महाव्याधीको संक्रमण, रोकथाम र व्यवस्थापनको कार्य समेत गर्नेछ ।

### २.८.४ खानेपानी, सरसफाइतथा स्वच्छता प्रवर्द्धन क्षेत्र

यस विषयक्षेत्रले विपद्को अवस्थामा खानेपानी आपूर्ति गर्ने, विपद्का कारण ढलेका बोट बिरुवाहरु हटाउने, विपद्जन्य घटनाबाट सिर्जना भएका फोहोरहरु सरसफाइ गर्ने, मरेका पशुपन्क्षीहरुको व्यवस्थापन गर्ने, व्यक्तिगत सरसफाइको लागि स्वच्छता सम्बन्धी सरसमानहरु (जस्तै : हाइजिन किट, क्लोरिन, पियुष, डस्टबिन) उपलब्ध गराउने जिम्मेवारी निर्वाह गर्नेछ ।

### २.८.५ आपत्कालीन आश्रय तथा गैर खाद्य सामग्री क्षेत्र

यो विषयक्षेत्रले विपद्का कारण घरमा क्षति पुगी बस्न नसक्ने अवस्थामा रहेका प्रभावितहरुलाई आपत्कालीन आश्रय वा बासको लागि अस्थायी संरचना निर्माण गर्ने, प्रभावितहरुलाई त्रिपाल, भाँडाकुँडा, लत्ताकपडा जस्ता गैर खाद्य सामग्री वितरण गर्ने जिम्मेवारी निर्वाह गर्नेछ ।

### २.८.६ संरक्षण तथा सुरक्षा क्षेत्र

यस विषयक्षेत्रले विपद्को समयमा महिला, गर्भवती, सुत्केरी, अपाङ्गता भएका व्यक्तिहरु, शिशु, बालबालिका, वृद्धवृद्धाहरुलाई संरक्षण गर्ने, उनीहरुको आवश्यकता बमोजिमका सरसामानहरु जस्तैः सेनेटरी प्याड, खेलकुदका सामान आदि उपलब्ध गराउने, घर परिवारका सदस्य गुमाएकाहरु तथा विपद्का कारण त्रसित व्यक्तिलाई मनोसामाजिक परामर्श सेवा दिने र हिंसामुक्त वातावरण सिर्जना गर्ने जस्ता जिम्मेवारी निर्वाह गर्नेछ ।

### २.८.७ आपत्कालीन शिक्षा क्षेत्र

यस विषयक्षेत्रले विपद्को कारण विद्यालय तीन दिन भन्दा बढी बन्द भएमा विद्यार्थीहरुलाई आपत्कालीन शिक्षाको व्यवस्था गर्ने, प्रकोपले विद्यार्थीका् पठनपाठनका शैक्षिक सामग्री हराए वा क्षति पुऱ्याएमा सोको व्यवस्था गर्ने र विद्यालयको शिक्षण सामग्रीहरु नष्ट भएमा पुनः व्यवस्था गर्ने जिम्मेवारी निर्वाह गर्नेछ ।

### २.८.८ शीघ्र पुनर्लाभ क्षेत्र

यस विषयक्षेत्रले विपद्को कारण अवरुद्ध हुन पुगेका अत्यावश्यक सेवाहरु (जस्तै : सडक, विद्युत, खानेपानी, टेलिफोन) तत्काल सुचारु गर्ने र त्यस्ता सेवा प्रदान गर्ने निकायका कार्यालयहरुमा क्षति पुगेमा वैकल्पिक व्यवस्था गर्ने, सामाजिक आर्थिक पूर्वाधार र अवस्थालाई चलायमान बनाइ जनजीवनलाई सामान्य बनाउन जिम्मेवारी निर्वाह गर्नेछ ।



# परिच्छेद-३
# पूर्वतयारी तथा प्रतिकार्य योजना

## ३.१ सामान्य पूर्वतयारी योजना

विपद्को स्थितिमा प्रतिकार्य गतिविधिहरु समयमै कार्यान्वयन गर्न संस्थागत क्षमता लेखाजोखा गरी सोको तयारी अद्यावधिक गर्न जरुरी हुन्छ । सामान्य पूर्वतयारी सम्बन्धी कार्यहरुमा विपद् घटना अगावै प्रायः सबै प्रकोपका लागि गर्नुपर्ने जोखिम न्यूनीकरण पूर्वतयारी र विपद् प्रतिकार्य गर्न संस्थागत तथा भौतिक संरचना, मेसिन र औजार, सिप विकास, जनचेतना, कृत्रिम घटना अभ्यास जस्ता क्रियाकलापहरु समावेश गरिएका छन् । यस विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अद्यावधिक गर्नु पनि विपद् पूर्वतयारी कार्य नै हो । विपद् प्रतिकार्यका कार्यहरुलाई प्रभावकारी बनाउन विषयक्षेत्रगत रुपमा सामान्य पूर्वतयारीको कार्ययोजना देहाय बमोजिम हुने गरी तर्जुमा गरिएको छ ।

### ३.१.१ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको सामान्य पूर्वतयारी योजना

विपद् घटना अगावै प्रायः सबै प्रकोपका लागि गर्नुपर्ने समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको सामान्य पूर्वतयारी सम्बन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छ :

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| १ | विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अद्यावधिक गर्ने | प्रत्येक वर्ष असोज सम्म | गाउँपालिका | प्रत्येक आर्थिक वर्षमा | स्थानीय विपद् व्यवस्थापन समिति |
| २ | विपद्को क्षति, नोक्सानी मूल्याङ्कनको लागि सर्वेक्षण टोली गठन र पुनर्गठन गर्ने र आवश्यकता बमोजिम सर्वेक्षणका लागि सहायक टोलीहरु गठन गर्ने र तालिम आयोजना गर्ने | प्रत्येक वर्ष मनसुन सुरु हुनु पूर्व | गाउँपालिका र हरेक वडामा | गाउँपालिकामा एक वटा र हरेक वडामा एक/एक वटा | स्थानीय विपद् व्यवस्थापन समिति, वडा स्तरीय विपद् व्यवस्थापन समिति |
| ३ | प्रारम्भिक द्रुत लेखाजोखा , क्षति लेखाजोखा गर्न विस्तृत घरधुरी सर्वेक्षण फारम तयार गर्ने | प्रत्येक वर्ष कात्तिक सम्म | गाउँपालिका | गाउँपालिकामा एक वटा र हरेक वडामा एक/एक वटा | सामाजिक विकास शाखा |
| ४ | राहत वितरणका लागि सिफारिस फारम लगायत कागजात तयारी तथा अद्यावधिक गर्ने | प्रत्येक वर्ष मंसिर सम्म | गाउँपालिका | गाउँपालिकामा एक वटा र हरेक वडामा एक/एक वटा | बतावरण तथा विपद् व्यवस्थापन शाखा५ |
| ५ | प्रकोपको प्रकृति अनुसार खोज तथा उद्धारका लागि टोली गठन | प्रत्येक वर्ष कात्तिकसम्म | वडा तहमा | हरेक वडामा एक | बतावरण तथा विपद् व्यवस्थापन शाखा, वडा कार्यालय र विषयक्षेत्र |
| ६ | खोज तथा उद्धारका लागि गठित टोलीको निमित्त तालिम आयोजना गर्ने र परिचालन हुने प्रक्रिया निर्धारण गर्ने | प्रत्येक वर्ष पौषसम्म | वडा तहमा | हरेक वडामा एक | बतावरण तथा विपद् व्यवस्थापन शाखा, सुरक्षा निकाय र विषयक्षेत्र |

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| ७ | खोज तथा उद्धार सामग्रीहरु खरिद, भण्डारण, मर्मत र व्यवस्थापन गनेए | निरन्तर | निरन्तर | हरेक वडामा कम्तीमा एक सेट | गाउँपालिका, स्थानीय विपद् व्यवस्थापन समिति, वातावरण तथा विपद् व्यवस्थापन शाखा |
| ८ | खोज तथा उद्धारका लागि प्रयोग गर्न सकिने सवारी साधनहरु र एम्बुलेन्सहरुको सूची र सम्पर्क व्यक्तिको विवरण तयार गर्ने | निरन्तर | गाउँपालिका | १ वटा एम्बुलेन्स | वातावरण तथा विपद् व्यवस्थापन शाखा, स्वास्थ्य शाखा |
| ९ | बाढी, पहिरो र भूकम्पबाट बच्न र बचाउन सुरक्षित स्थानको पहिचान गरी अद्यावधिक सूची तयार गर्ने | निरन्तर | वडा अनुसार | आवश्यकता अनुसार हरेक वडामा | वातावरण तथा विपद् व्यवस्थापन शाखा |
| १० | आपत्कालीन अवस्थामा प्रयोग गर्ने स्थलहरुको सूची स्थानीय राजपत्रमा प्रकाशित गर्ने | तत्काल सुरु गरी निरन्तर | तोकिएको मापदण्ड अनुसार | प्रत्येक वडामा | वातावरण तथा विपद् व्यवस्थापन शाखा, वडा कार्यालय |
| ११ | आपत्कालीन अवस्थामा आश्रय स्थलका रुपमा प्रयोग गर्ने स्थानको लागि चाहिने भौतिक पूर्वाधार र सेवाहरु निर्माण, विस्तार गर्ने | तत्काल सुरु गरी निरन्तर | तोकिएको मापदण्ड अनुसार | प्रत्येक वडामा | पूर्वाधार विकास शाखा, वडा कार्यालय, विषयक्षेत्र |
| १२ | प्रकोपबाट समुदायलाई बचाउन आपत्कालीन आश्रय भवनहरु निर्माण | आवश्यकता अनुसार | हरेक वडामा जोखिममा रहेका समुदाय नजिक | प्रत्येक वडामा | पूर्वाधार विकास शाखा र सम्बन्धित वडा |
| १३ | बाढी, पहिरो, तुसारो, हावाहुरी, भूकम्प, चट्याङ्ग, आगलागी आदि प्रकोपहरुबाट समुदायमा पर्न सक्ने असर र सोबाट बच्ने उपायहरुका बारेमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने | निरन्तर | गाउँपालिकामा सञ्चालित एफ.एम्., पत्रपत्रिका, माइकिङ्ग आदि | प्रकोपको सम्भावित समय अगावै कम्तीमा २ पटक | वातावरण तथा विपद् व्यवस्थापन शाखा, वडा कार्यालय |
| १४ | मानिसको ज्यान लिनसक्ने जङ्गली जनावरहरु (जस्तैः बाघ, भालु र चितुवा आदि) बस्तीमा प्रवेश गरेमा सम्बन्धित समुदायलाई शीघ्र सूचना दिने प्रणालीको विकास गर्ने | निरन्तर | वडास्तर वा सम्भव भएसम्म बस्तीस्तर | हरेक वडामा एक | वातावरण तथा विपद् व्यवस्थापन शाखा, वडा कार्यालय, समुदाय, विषयक्षेत्र |
| १५ | खोज तथा उद्धारलाई प्रभावकारी बनाउन प्रकोपमा आधारित कृत्रिम घटना अभ्यास गर्ने गराउने | प्रकोपको सम्भावित समय अगावै | गाउँपालिका तथा वडामा | प्रमुख प्रकोपको लागि वर्षमा कम्तीमा एक एक पटक | स्थानीय विपद् व्यवस्थापन समिति |



**३.१.२ खाद्य तथा कृषि क्षेत्रको सामान्य पूर्वतयारी योजना**

विपद् घटना अगावै प्रायः सबै प्रकोपको लागि गर्नुपर्ने खाद्य तथा कृषि क्षेत्रको सामान्य पूर्वतयारी सम्बन्धी कार्यहरुको योजना तपसिल बमोजिम तर्जुमा गरिएको छ :

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| १ | विपद्को अवस्थामा खाद्यान्न खरिद तथा आपूर्तिका लागि सम्भाव्य उद्योगहरु पहिचान गने साथै सहयोग लिन सकिने कार्यालय, संस्थाहरुसँग समन्वय गर्ने | निरन्तर | गाउँपालिका | आवश्यकता अनुसार वर्षको १ वा २ पटक | कृषि शाखा, विषयक्षेत्र |
| २ | विपद्बाट प्रभावित हुनसक्ने जनसंख्याको आधारमा खाद्य सामग्र(चामल, दाल, तेल, नुन आदि) भण्डारण गर्ने | प्रकोपको सम्भावित समय अगावै | गाउँस्तर | वर्षको २ पटक | कृषि शाखा, विषयक्षेत्र |
| ३ | तयारी खानेकुराका लागि तत्काल खरिद गर्न सकिने गरी पसलहरु पहिचान गर्ने वा अनुवन्ध करार गर्ने | प्रकोपको सम्भावित समय अगावै | गाउँस्तर | कम्तीमा २ वटा ठूला पसल वा उद्योग | कृषि शाखा, वडा कार्यालय |
| ४ | विपद्को समयमा खाद्य सामग्री वितरण गर्ने तौरतरिका वा प्रक्रिया बारे विषयक्षेत्रका सदस्यहरु बीच छलफल तथा कृत्रिम घटना अभ्यास गर्ने | प्रकोपको सम्भावित समय अगावै | वडा स्तर | मुख्य प्रकोपको सम्भावित समय भन्दा पहिले कम्तीमा १ पटक | कृषि शाखा, विषयक्षेत्र |

**३.१.३ स्वास्थ्य तथा पोषण क्षेत्रको सामान्य पूर्वतयारी योजना**

विपद् घटना अगावै वा प्रायः सबै प्रकोपका लागि गर्नुपर्ने स्वास्थ्य तथा पोषण विषयक्षेत्रको सामान्य पूर्वतयारी सम्बन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छ :

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/विषयक्षेत्र |
|---|---|---|---|---|---|
| १ | विपद् पश्चात तत्काल लेखा पर्ने स्वास्थ्य समस्या समाधानका लागि चाहिने औषधिहरु भण्डारण गर्ने | हरेक महिना, औषधिको गुण अनुसार | गाउँस्तर | २००० जनाको लागि | स्वास्थ्य शाखा, विषयक्षेत्र |
| २ | द्रुत प्रतिकार्य टोली (Rapid Response Team-RRT) गठन गर्ने, क्षमता विकास र कार्यसूची तयार गर्ने | स्वास्थ्य क्षेत्रको प्रोटोकल अनुसार | गाउँस्तर | वर्षमा १ पटक | स्वास्थ्य शाखा, विषयक्षेत्र |
| ३ | प्रतिकार्यका लागि आवश्यक दक्ष मानव संशाधनको सूची तयार/अद्यावधिक गर्ने | वडा संख्या र जनसंख्या अनुसार | गाउँस्तर | गाउँस्तरमा ३० जना, वडास्तरः ७ जना | स्वास्थ्य शाखा |
| ४ | स्वास्थ्य सम्बन्धी शिक्षण सामग्रीको व्यवस्था तथा स्वास्थ्य शिक्षाको लागि स्वास्थ्यकर्मीको व्यवस्था गर्ने | नियमित | वडास्तर | हरेक वडामा १ पटक | स्वास्थ्य शाखा, वडा कार्यालय, विषयक्षेत्र |
| ५ | कोभिड १९ महाव्याधि लगायत महामारी रोकथाम, नियन्त्रण र परीक्षण तथा उपचार सम्बन्धी जनचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने | नियमित | जोखिमयुक्त बस्तीहरुमा | वर्षमा कम्तीमा ३ पटक | स्वास्थ्य शाखा, विषयक्षेत्र |

### ३.१.४ खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको सामान्य पूर्वतयारी योजना

विपद् घटना अगावै सबै प्रकोपका लागि गर्नुपर्ने खानेपानी, सरसफाइ र स्वच्छता विषयक्षेत्रको सामान्य पूर्वतयारी सम्बन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छ :

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| १ | विपद्को समयमा खानेपानी शुद्धीकरणको लागि आवश्यक पर्ने क्लोरिन, पियुष जस्ता औषधिको उचित भण्डारण गर्ने | प्रकोपको सम्भावित समय अगावै | गाउँस्तर | वर्षमा १ पटक कम्तीमा | खानेपानी तथा सरसफाइ शाखा, विषयक्षेत्र |
| २ | सरसफाइका लागि आवश्यक पर्ने सामग्री तथा उपकरणहरु उपयुक्त ठाउँमा भण्डारण गर्ने | प्रकोप सम्भावित समय अगावै | गाउँस्तर | वर्षमा कम्तीमा १ पटक | खानेपानी तथा सरसफाइ शाखा, विषयक्षेत्र |
| ३ | खानेपानी ओसार्ने, जम्मा गर्ने र वितरण गर्ने साधनहरु मर्मत सम्भार गरी चालु अवस्थामा राख्ने | प्रकोपको सम्भावित समय अगावै | गाउँस्तर | वर्षमा कम्तीमा १ पटक | खानेपानी तथा सरसफाइ शाखा, विषयक्षेत्र |
| ४ | आपत्कालीन अवस्थामा प्रयोग गर्न सकिने खानेपानीको श्रोतहरु पहिचान र संरक्षण गर्ने | निरन्तर | वडा तथा समुदाय स्तर | हरेक प्रभावित वडाहरु | खानेपानी तथा सरसफाइ शाखा, पूर्वाधार विकास शाखा, वडा कार्यालय तथा स्थानीय समुदाय |

### ३.१.५ आपत्कालीन आश्रय र गैर खाद्य सामग्री क्षेत्रको सामान्य पूर्वतयारी योजना

विपद् घटना अगावै प्रायः सबै प्रकोपका लागि गर्नु पर्ने आपत्कालीन आश्रयस्थल र गैर खाद्य सामग्री विषयक्षेत्रको सामान्य पूर्वतयारी सम्बन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छ :

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| १ | विपद् प्रभावितहरुको लागि अस्थायी आश्रय वा बासको व्यवस्था गर्न आवश्यक सरसमान तथा औजारहरको बन्दोबस्ती गर्ने | प्रकोपको सम्भावित समय अगावै | सबै वडा | गाउँपालिकाको कम्तीमा २० प्रतिशत जनसंख्यालाई पुग्ने | पूर्वाधार विकास शाखा, नेपाल रेडक्रस सोसाइटी |
| २ | सम्भावित आपत्कालीन अवस्था आइपरेमा तुरुन्त खरिद गर्न सकिने गरी अनुवन्ध करार गर्ने | आवश्यकता अनुसार | थोक तथा खुद्रा बिक्रेता, सहकारी वा ठूला कृषक | गाउँपालिकाको कम्तीमा २० प्रतिशत परिवारका लागि | गाउँपालिका, कृषि शाखा, नेपाल रेडक्रस सोसाइटी |
| ३ | अस्थायी आश्रय स्थल बनाउन सुविधायुक्त खुला क्षेत्रको व्यवस्थापन र संरक्षण गर्ने । | निरन्तर | सबै वडा | वडाको कुल जनसंख्याको कम्तीमा २० प्रतिशत जनसंख्यालाई पुग्ने | पूर्वाधार विकास शाखा र वडा कार्यालय |
| ४ | गैर खाद्य सामग्री सेटहरु भण्डारण गर्ने । | निरन्तर | गाउँस्तर, गोदाम घरहरु (Warehouse) | कम्तीमा गाउँपालिकाको २० प्रतिशत परिवारका लागि | गाउँपालिका, वडा कार्यालय, रेडक्रस सोसाइटी, विषयक्षेत्र |



| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| ५ | विपद् प्रभावित स्थान वा खुल्ला क्षेत्रमा शिविर सञ्चालन गर्ने स्थानमा सवारी साधनको प्रबन्ध गर्ने | आवश्यकता अनुसार | गाउँस्तर | आवश्यकता अनुसार | वातावरण तथा विपद् व्यवस्थापन शाखा, विषयक्षेत्र |
| ६ | अस्थायी आश्रय वा बास निर्माणको लागि टोली गठन गर्ने र दक्षता अभिवृद्धिका लागि कृत्रिम घटना अभ्यास गर्ने | मनसुन सुरु हुनु भन्दा अगाडि | वडास्तर | हरेक वडामा | वातावरण तथा विपद् व्यवस्थापन शाखा, वडा कार्यालय, विषयक्षेत्र |

### ३.१.६ संरक्षण तथा सुरक्षा क्षेत्रको सामान्य पूर्वतयारी योजना

विपद् घटना अगावै सबै प्रकोपका लागि गर्नुपर्ने संरक्षण तथा सुरक्षा विषयक्षेत्रको सामान्य पूर्वतयारी सम्बन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छ :

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| १ | महिला, बालबालिका, अपाङ्ग भएका व्यक्ति र ज्येष्ठ नागरिकको संरक्षणका तरिकाहरु बारे जानकारी पुस्तिका तयार एवम् प्रकाशन गर्ने | निरन्तर | गाउँस्तर | कम्तीमा ५०० प्रति | गाउँ, महिला तथा बालबालिका शाखा |
| २ | विपद्को समयमा अत्यावश्यक सेवाका लागि चाहिने सामग्रीहरु (जस्तैः डिग्निटी किट) खरिद गरी भण्डारण गर्ने | निरन्तर | गाउँका गोदाम घरहरु | यस्तो जनसंख्याको कम्तीमा २० प्रतिशतलाई पुग्ने | महिला तथा बालबालिका शाखा, विषयक्षेत्र |
| ३ | उमेर, शारीरिक र अपाङ्गताको अवस्था अनुसार गरिनुपर्ने सेवा सहयोगका लागि प्रोटोकल तयार गरी लागू गर्ने | तत्काल | गाउँस्तर | १ पटक | महिला तथा बालबालिका शाखा, नेपाल रेडक्रस सोसाइटी, विषयक्षेत्र |
| ४ | विद्यालयका शिक्षक र महिला स्वास्थ्य स्वयंसेविकालाई आधारभूत मनोसामाजिक परामर्श सम्बन्धी तालिम दिने | वर्षको १ पटक | गाउँस्तर | हरेक विद्यालयबाट १ जना र हरेक वडाबाट २ जना महिला स्वास्थ्य स्वयंसेविका | शिक्षा र स्वास्थ्य शाखा, नेपाल रेडक्रस सोसाइटी, विषयक्षेत्र |
| ५ | विपद्को समयमा परिचालन हुने विषयक्षेत्रका सदस्यहरुलाई कृत्रिम घटना अभ्यास गर्ने गराउने | निरन्तर | वडास्तरमा | मुख्य प्रकोपको सम्भावित समय अगाडि कम्तीमा १ पटक | स्थानीय विपद् व्यवस्थापन समिति, अन्य सरोकारवाला |

### ३.१.७ आपत्कालीन शिक्षा विषयक्षेत्रको सामान्य पूर्वतयारी योजना

विपद् घटना अगावै सबै प्रकोपका लागि गर्नु पर्ने आपत्कालीन शिक्षा विषयक्षेत्रको सामान्य पूर्वतयारी सम्बन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छ :

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| १ | बाढी, पहिरो, हावाहुरी, तुसारोले प्रभावित गर्न सक्ने विद्यालयहरुको सूची अद्यावधिक गर्ने र सम्भावित आँकलन गर्ने | वर्षको १ पटक | वडास्तर | सबै वडाका विद्यालय | शिक्षा शाखा, सम्बन्धित विद्यालय |

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| २ | आपत्कालीन शिक्षाका लागि आवश्यक पर्ने शिक्षण सामग्रीहरु तयारी अवस्थामा राख्ने | निरन्तर | गाउँस्तर | २० प्रतिशत विद्यालयको लागि | शिक्षा शाखा, सम्बन्धित विद्यालय |
| ३ | सम्भावित विपद्बाट सुरक्षित हुने उपाय बारे विद्यालयहरमा चेतनामूलक कार्यक्रमहरु सञ्चालन र एफ.एम. रेडियोबाट सन्देशमूलक कार्यक्रम प्रशारण गर्ने | निरन्तर | गाउँस्तर, विद्यालयस्तर | २० प्रतिशत विद्यालय र एफ.एम.बाट कम्तीमा १५ दिन (प्रकोपमा केन्द्रित भइ) | वातावरण तथा विपद् व्यवस्थापन शाखा, शिक्षा शाखा, सम्बन्धित विद्यालय |

### ३.१.८ शीघ्र पुनर्लाभ क्षेत्रको सामान्य पूर्वतयारी योजना

विपद् घटना अगावै सबै प्रकोपका लागि गर्नुपर्ने शीघ्र पुनर्लाभ विषयक्षेत्रको सामान्य पूर्वतयारी सम्बन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छ :

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| १ | सुरक्षित स्थानमा आपत्कालीन प्रयोजनको लागि खानेपानी ट्याँकी र शौचालय व्यवस्था गर्ने | निरन्तर | वडास्तरमा | सबै वडाहरुमा | पूर्वाधार विकास शाखा, वडा कार्यालय, विषयक्षेत्र |
| २ | विपद्बाट अत्यावश्यक सेवाहरु (जस्तैः सडक, खानेपानी, बिजुली आदि) अवरुद्ध भएमा उक्त सेवा सुचारु गर्न तत्काल प्राविधिक टोली परिचालन गर्ने | निरन्तर | गाउँस्तर, वडास्तर | गाउँस्तरमा एक र वडास्तरमा एक | पूर्वाधार विकास शाखा, वातावरण तथा विपद् व्यवस्थापन शाखा र विषयक्षेत्र |
| ३ | सम्भावित विपद्बाट आर्थिक सामाजिक क्षेत्रमा पर्ने क्षतिको शीघ्र मूल्याङ्कनको लागि टोली गठन गरी प्रशिक्षण दिने | प्रत्येक वर्ष एक पटक | गाउँस्तर | एक पटक | स्थानीय विपद् व्यवस्थापन समिति, वातावरण तथा विपद् व्यवस्थापन शाखा, नेपाल रेडक्रस सोसाइटी |
| ४ | सम्भावित विपद्बाट कृषि, पशु, रोजगारी, सेवा उद्योग, पर्यटन, व्यापार लगायतका क्षेत्रमा पर्न सक्ने असरहर न्यूनीकरण गर्ने क्रियाकलाप तय गरी कार्यान्वयन गर्ने | विपद् पश्चात तत्काल | गाउँस्तर | प्रभावित समुदायमा | स्थानीय विपद् व्यवस्थापन समिति, वातावरण तथा विपद् व्यवस्थापन शाखा, उद्योग वाणिज्य संघ |

## ३.२ पूर्वानुमानमा आधारित पूर्वतयारी योजना

पूर्वानुमानमा आधारित पूर्वतयारी योजनामा सही पूर्वानुमान र उपलब्ध समयको आधारमा पूर्वतयारीका कार्यहरु निर्धारण गर्नु पर्दछ । यसमा सामान्य सर्तक रहने देखि जोखिमयुक्त ठाउँमा रहेका समुदाय र स्थान्तरण गर्न मिल्ने धन सम्पत्ति अस्थायी रुपमा सुरक्षित ठाउँमा सार्ने सम्मका क्रियाकलाप हुन सक्छन् । यस्तो योजना प्रकोपको प्रकृति, समय र सम्भावित प्रभाव क्षेत्रको भरपर्दो आधिकारिक पूर्वसूचनाको आधारमा तय गरिनु पर्दछ । प्रकोप आउने समय सीमा नजिक हुन थालेपछि वा प्रकोपको पूर्वानुमान प्राप्त भएपछि गरिने क्रियाकलापहरुको योजना देहाय बमोजिम तर्जुमा गरिएको छ :



### ३.२.१ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना

प्रकोप पूर्वानुमान प्राप्त भएपछि समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको गर्नुपर्ने पूर्वानुमानमा आधारित पूर्वतयारी योजना सम्बन्धी कार्यहरु देहाय अनुसार तर्जुमा गरिएको छ :

| क्र.सं. | पूर्वानुमानमा आधारित पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| १ | वर्षा र आँधी/हावाहुरीको पूर्वानुमान सम्बन्धी जानकारी जल तथा मौसम विज्ञान विभाग (सिधै वा वेभपेज मार्फत), प्रदेश र जिल्ला आपत्कालीन कार्य सञ्चालन केन्द्रबाट आदान प्रदान गर्ने | माघ देखि असोज सम्म | गाउँस्तर | दिनमा कम्तीमा १ पटक | स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्र/वातावरण तथा विपद् व्यवस्थापन शाखा |
| २ | बाढी, पहिरो, हावाहुरी र खराब मौसमको सूचना प्राप्त हुनासाथ गाउँबासी समुदायलाई सतर्कता अपनाउन सूचना सम्प्रेषण गर्ने । | पूर्वानुमान प्राप्त भए लगतै | गाउँ केन्द्रबाट समुदायसम्म पहुँच हुने गरी | पूर्वानुमानको खबर पश्चात दिनमा कम्तीमा ३ पटक | वातावरण तथा विपद् व्यवस्थापन शाखा, वडा कार्यालय |
| ३ | विपद्बाट हुन सकने सम्भावना देखिएमा सबै विषयक्षेत्रहरुलाई तयारी अवस्थामा रहन आग्रह गर्ने । | पूर्वानुमान प्राप्त भए लगतै | गाउँस्तर | सूचना प्राप्त भएपछि कम्तीमा एक पटक र आवश्यकता अनुसार थप | स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्र, वातावरण तथा विपद् व्यवस्थापन शाखा |
| ४ | पूर्वानुमान अनुसार वडास्तरीय समितिलाई जानकारी गराई विपद् सम्मुख समुदायलाई सुरक्षित स्थानमा सार्ने व्यवस्था मिलाउने । | पूर्वानुमान प्राप्त भए पश्चात लगत्तै | गाउँस्तर | जोखिममा रहेका सबै समुदाय | स्थानीय विपद् व्यवस्थापन समिति, स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्र |
| ५ | खोज तथा उद्धार टोली र क्षतिको विवरण सङ्कलन टोलीलाई तयारी अवस्थामा राख्ने । | पूर्वामान प्राप्त भए पश्चात लगत्तै | गाउँस्तर | वडास्तरमा | स्थानीय विपद् व्यवस्थापन समिति, स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्र, वडा कार्यालय |

### ३.२.२ खाद्य तथा कृषि क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना

प्रकोप आउने समय सीमा नजिक हुन थालेपछि वा प्रकोपको पूर्वामान प्राप्त भएपछि गर्नुपर्ने खाद्य तथा कृषि क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना सम्बन्धी कार्यहरु देहाय अनुसार तर्जुमा गरिएको छ :

| क्र.सं. | पूर्वानुमानमा आधारित पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| १ | खाद्य तथा कृषि विषयक्षेत्रको सम्न्वयात्मक बैठक बस्ने । | पूर्वानुमानको जानकारी पश्चात | गाउँस्तरमा | सूचना प्राप्त भएपछि एक पटक र आवश्यकता अनुसार थप | कृषि शाखा, विषयक्षेत्र |
| २ | भण्डारण गरिएको खाद्य सामग्रीहरुको अवस्था निरीक्षण गरी अद्यावधिक गर्ने । | पूर्वानुमानको जानकारी पश्चात | गाउँस्तरमा | सूचना प्राप्त भएपछि एक पटक | कृषि शाखा |
| ३ | विपद् प्रभावित क्षेत्रमा खाद्य सामग्रीहरु ढुवानीका लागि आवश्यक सवारी साधन तयारी अवस्थामा राख्ने । | पूर्वानुमानको जानकारी पश्चात | गाउँस्तरमा | सूचना प्राप्त भएपछि आवश्यकता अनुसार | कृषि शाखा, विषयक्षेत्र |

### ३.२.३ स्वास्थ्य तथा पोषण क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना

प्रकोप पूर्वानुमान प्राप्त भएपछि गर्नुपर्ने स्वास्थ्य तथा पोषण क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना सम्बन्धी कार्यहरु देहाय अनुसार तर्जुमा गरिएको छ :

| क्र.सं. | पूर्वानुमानमा आधारित पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| १ | स्वास्थ्य तथा पोषण विषयक्षेत्रको समन्वय बैठक बस्ने | पूर्वानुमानको जानकारी पश्चात तत्काल | गाउँस्तर | सूचना प्राप्त भएपछि १ पटक र आवश्यकता अनुसार थप | स्वास्थ्य शाखा र विषयक्षेत्र |
| २ | विपद् प्रभावित क्षेत्रमा आवश्यक पर्ने औषधि तथा उपकरण निरीक्षण गरी तयारी अवस्थामा राख्ने । | पूर्वानुमानको जानकारी पश्चात | गाउँस्तर | सम्भावित प्रकोपको प्रकृति अनुसार | स्वास्थ्य शाखा विषयक्षेत्र |
| ३ | प्राथमिक उपचार र स्वास्थ्य सेवाको लागि आवश्यक जनशक्ति र सवारी साधन तयारी अवस्थामा राख्ने । | पूर्वानुमानको जानकारी पश्चात | गाउँस्तर | सम्भावित प्रकोपको प्रकृति अनुसार | स्वास्थ्य शाखा र विषयक्षेत्र |
| ४ | कोभिड १९ लगायतका महामारीबाट सुरक्षित रहन र सतर्कता अपनाउने उपाय बारे स्थानीय एफ.एम. रेडियो र सामाजिक सञ्जाल लगायतका माध्यमबाट प्रसारण र जानकारी प्रवाह गर्ने । | पूर्वामानको जानकारी पश्चात | वडा र समुदाय स्तरमा | प्रकोपको आधारमा निरन्तर गर्ने | गाउँपालिका, स्वास्थ्य शाखा, सूचना तथा प्रविधि शाखा र विषयक्षेत्र |

### ३.२.४ खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको पूर्वानुमानमा आधारित पूर्व तयारी योजना

प्रकोप पूर्वानुमान प्राप्त भएपछि गर्नुपर्ने खानेपानी, सरसफाइ र स्वच्छता क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना सम्बन्धी कार्यहरु देहाय अनुसार तर्जुमा गरिएको छः

| क्र.सं. | पूर्वानुमानमा आधारित पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| १ | खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन विषयक्षेत्रको समन्वय बैठक बस्ने । | पूर्वानुमानको जानकारी पश्चात | गाउँस्तर | सूचना प्राप्त भएपछि १ पटक र आवश्यकता अनुसार | सामाजिक विकास शाखा र विषयक्षेत्र |
| २ | खानेपानी शुद्धीकरणका लागि क्लोरिन, पियुष जस्ता औषधि तथा प्रविधिको निरीक्षण गरी तयारी अवस्थामा राख्ने । | पूर्वानुमानको जानकारी पश्चात | गाउँस्तर | सम्भावित प्रकोपको समय अनुसार | खानेपानी तथा सरसफाइ शाखा र विषयक्षेत्र |
| ३ | सरसफाइका लागि परिचालन हुनु पर्ने जनशक्ति, सवारी साधन र उपकरणहरु तयारी अवस्थामा राख्ने । | पूर्वानुमानको जानकारी पश्चात | गाउँस्तर | सम्भावित प्रकोपको समय अनुसार | सामाजिक विकास शाखा, विषयक्षेत्र |



### ३.२.५ आपत्कालीन आश्रय र गैर खाद्य सामग्री क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना

प्रकोप पूर्वानुमान प्राप्त भएपछि गर्नुपर्ने आपत्कालीन आश्रय र गैर खाद्य सामग्री क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना सम्बन्धी कार्यहरु देहाय अनुसार तर्जुमा गरिएको छ :

| क्र.सं. | पूर्वानुमानमा आधारित पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| १ | आपत्कालीन आश्रय र गैर खाद्य सामग्री विषयक्षेत्रको समन्वयात्मक बैठक बस्ने । | पूर्वानुमानको जानकारी पश्चात | गाउँस्तरमा | सूचना प्राप्त भएपछि १ पटक र आवश्यकता अनुसार | वातावरण तथा विपद् व्यवस्थापन शाखा, नेपाल रेडक्रस सोसाइटी र विषयक्षेत्र |
| २ | आपत्कालीन आश्रय स्थलको निरीक्षण गरी तयारी अवस्थामा राख्ने । | तत्कालै | वडास्तर | सम्भावित प्रकोप अनुसार | गाउँपालिका, नेपाल रेडक्रस सोसाइटी, वडा स्तरीय समिति र विषयक्षेत्र |
| ३ | अस्थायी आश्रय वा आवास निर्माणका लागि आवश्यक जनशक्ति, सामग्री तथा औजारहरु निरीक्षण गरी तयारी अवस्थामा राख्ने । | पूर्वानुमानको जानकारी पश्चात | गाउँस्तरमा | सम्भावित प्रकोप अनुसार | स्थानीय विपद् व्यवस्थापन समिति, नेपाल रेडक्रस सोसाइटी र विषयक्षेत्र |
| ४ | सामग्री तथा औजारहरु ढुवानीको लागि आवश्यक सवारी साधन तयारी अवस्थामा राख्ने | पूर्वानुमानको जानकारी पश्चात | गाउँस्तरमा | सम्भावित प्रकोपको समय अनुसार | वातावरण तथा विपद् व्यवस्थापन शाखा, नेपाल रेडक्रस सोसाइटी र विषयक्षेत्र |

### ३.२.६ संरक्षण तथा सुरक्षा क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना

प्रकोप पूर्वानुमान प्राप्त भएपछि गर्नुपर्ने संरक्षण र सुरक्षा क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना सम्बन्धी कार्यहरु देहाय अनुसार तर्जुमा गरिएको छ :

| क्र.सं. | पूर्वानुमानमा आधारित पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| १ | संरक्षण तथा सुरक्षा विषयक्षेत्रको समन्वय बैठक बस्ने । | पूर्वानुमानको जानकारी पश्चात | गाउँस्तर | सूचना प्राप्त भएपछि १ पटक र आवश्यकता अनुसार | महिला तथा बालबालिका शाखा, विषयक्षेत्र |
| २ | विपद्जन्य घटनाबाट प्रभावितलाई परामर्श सेवा दिन परामर्श टोली तयारी अवस्थामा राख्ने । | पूर्वानुमानको जानकारी पश्चात | गाउँस्तर, वडास्तर | सम्भावित प्रकोपको समय अनुसार | स्वास्थ्य शाखा, शिक्षा शाखा, विषयक्षेत्र |
| ३ | विपद् प्रभावित क्षेत्र वा शिविर सञ्चालन भएको स्थानमा आवश्यक पर्ने डिग्निटी किट लगायतका सरसमानहरुको निरीक्षण गरी तयारी अवस्थामा राख्ने | पूर्वानुमानको जानकारी पश्चात | गाउँ स्तरमा | सम्भावित प्रकोपको समय अनुसार | महिला तथा बालबालिका शाखा, विषयक्षेत्र |

### ३.२.७ आपत्कालीन शिक्षा क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना

प्रकोपको पूर्वानुमान प्राप्त भएपछि गर्नुपर्ने आपत्कालीन शिक्षा क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना सम्बन्धी कार्यहरु देहायअनुसार तर्जुमा गरिएको छः

| क्र.सं. | पूर्वानुमानमा आधारित पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| १ | आपत्कालीन शिक्षा विषयक्षेत्रको समन्वय बैठक बस्ने । | पूर्वानुमानको जानकारी पश्चात | गाउँस्तरमा | सूचना प्राप्त भएपछि १ पटक र आवश्यकता अनुसार | शिक्षा शाखा विषयक्षेत्र |
| २ | प्रभावित हुन सक्ने विद्यालयलाई शिक्षण सामग्रीहर सुरक्षित ठाउँमा राख्न अनुरोध गर्ने । | समन्वयात्मक बैठक पश्चात | विद्यालयस्तरमा | सम्भावित प्रकोप अनुसार | शिक्षा शाखा |
| ३ | विपद्को समयमा अपनाउनु पर्ने सावधानी र सुरक्षाका उपाय तथा अनुशासनका बारेमा विद्यार्थीहरुलाई सचेत गर्ने । | तत्काल | विद्यालयस्तरमा | सम्भावित प्रकोपको सिजन अनुसार | शिक्षा शाखा तथा सम्बन्धित विद्यालय |
| ४ | विपद्को समयमा पठनपाठन निरन्तर गर्न आवश्यक तयारी गर्ने । | तत्काल | गाउँस्तरमा | सम्भावित प्रकोप अनुसार | शिक्षा शाखा तथा सम्बन्धित विद्यालय र विषयक्षेत्र |

### ३.२.८ शीघ्र पुनर्लाभ क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना

प्रकोप पूर्वानुमान प्राप्त भएपछि गर्नुपर्ने शीघ्र पुनर्लाभ क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना सम्बन्धी कार्यहरु देहाय अनुसार तर्जुमा गरिएको छः

| क्र.सं. | पूर्वानुमानमा आधारित पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| १ | शीघ्र पुनर्लाभ विषयक्षेत्रको समन्वय बैठक बस्ने । | पूर्वानुमानको जानकारी पश्चात | गाउँस्तर | सूचना प्राप्त भएपछि एक पटक र आवश्यकता अनुसार | वातावरण तथा विपद् व्यवस्थापन शाखा, पूर्वाधार विकास शाखा, विषयक्षेत्र |
| २ | अत्यावश्यक सेवा सूचारु गर्नका लागि आवश्यक जनशक्ति, भण्डारण गरिएका सामग्री तथा उपकरणहरु निरीक्षण गरी र तयारी अवस्थामा राख्ने । | पूर्वानुमानको जानकारी पश्चात | गाउँस्तर | सम्भावित प्रकोपको समय अुनसार | पूर्वाधार विकास शाखा, सामाजिक विकास शाखा, विषयक्षेत्र |
| ३ | सर्वेक्षण टोलीमा समावेश हुने व्यक्तिलाई तयारी अवस्थामा रहन अनुरोध गर्ने । | पूर्वानुमानको जानकारी पश्चात | गाउँस्तर | सम्भावित प्रकोपको समय अुनसार | वातावरण तथा विपद् व्यवस्थापन शाखा, विषयक्षेत्र |

## ३.३ आपत्कालीन प्रतिकार्य (कार्यविधि) योजना

यस अन्तर्गत खोज, उद्धार र स्थानान्तरण तथा विपद् पश्चात परिस्थिति सामान्य नहुन्जेल सम्म गर्नुपर्ने प्रतिकार्य र शीघ्र पुनर्लाभका कार्यहरु पर्दछन् । यसमा विपद्को समय र विपद् पश्चात तुरुन्तै चाल्नु पर्ने खोज, उद्धार, उपचार एवम् जोखिम क्षेत्रबाट प्रभावितहरुलाई सुरक्षित स्थानमा स्थानान्तरण र राहत वितरणका क्रियाकलापहरु समावेश गरिएका छन् । विपद् प्रतिकार्यका लागि गठित विषयक्षेत्रहरु परिचालन गर्न तपसिल बमोजिमका क्रियाकलापहरु तर्जुमा गरिएको छ ।



### ३.३.१ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको प्रतिकार्य योजना

विपद् प्रतिकार्य गर्न समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको आपत्कालीन प्रतिकार्य सम्बन्धी योजनाहरु देहाय अनुसार तर्जुमा गरिएको छ :

| क्र.सं. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरु | समय | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|
| १ | विपद्जन्य घटना घटेमा वा घट्ने यकिन भएमा विपद् व्यवस्थापन समितिको बैठक बस्ने । | तत्काल | स्थानीय विपद् व्यवस्थापन समिति, सम्पूर्ण विषयक्षेत्र |
| २ | विपद्ले प्रभाव पारेको तथा जोखिममा रहेका व्यक्ति तथा समुदाय र महत्वपूर्ण सम्पत्ति सुरक्षित स्थानमा स्थानान्तरण गर्न सुरक्षा निकाय र खोज तथा उद्धार टोली कार्यदल परिचालन गर्ने । | तत्काल | स्थानीय विपद् व्यवस्थापन समिति, वडा स्तरीय समिति |
| ३ | विपद्मा परी घाइते भएकालाई उद्धार गर्ने र हराइ रहेका व्यक्तिहरुको तथ्याङ्क तयार गरी खोजी गर्ने । | तत्काल | सुरक्षा निकाय, खोज तथा उद्धार टोली र स्वयंसेवक |
| ४ | तत्काल घटनाको अवलोकन, निरीक्षण गर्ने र प्रारम्भिक द्रुत लेखाजोखाको प्रतिवेदन तयार गरी स्थानीय विपद् व्यवस्थापन समिति समक्ष पेश गर्ने । | विपद् पश्चात ७२ घण्टा भित्र | सर्वेक्षण टोली |
| ५ | विपद्बाट मृत्यु भएमा सोको तथ्याङ्क र लागत तयार गरी सनाखत गर्ने व्यवस्था मिलाउने र शव हस्तान्तरण/व्यवस्थापन गर्ने । | विपद्को समयमा | सुरक्षा निकाय, उद्धार टोली, नेपाल रेडक्रस सोसाइटी सवयंसेवक |
| ६ | प्रभावित समुदायलाई थप जोखिमबाट बचाउन र सहयोग पुऱ्याउन अन्य विषयक्षेत्र र सरोकारवाला निकायसँग समन्वय गर्ने | विपद् पश्चात | स्थानीय विपद् व्यवस्थापन समिति, विषयक्षेत्र |
| ७ | बहुक्षेत्रगत सर्वेक्षण गरी क्षति, प्रभावित अवस्था र तत्काल गर्नुपर्ने कार्यहरु समेटी  सुझाव सहितको विषयक्षेत्र केन्द्रित | विपद् पश्चात ७ दिन भित्र | सर्वेक्षण टोली, सम्बन्धित शाखा, नेपाल रेडक्रस सोसाइटी, वडास्तरीय समिति, विषयक्षेत्र |
| ८ | समीक्षा तथा योजना तर्जुमा बैठक बस्ने र तर्जुमा गरिएको योजना कार्यान्वयन गर्ने गराउने | आवश्यकता अनुसार | स्थानीय विपद् व्यवस्थापन समिति सम्बन्धित शाखा तथा विषयक्षेत्र |
| ९ | विस्थापित भइ शिविरमा बसेका, छरछिमेक वा आफन्तको घरमा आश्रय लिएका, घरगोठ पूर्ण रुपमा नष्ट भएका, आफन्त गुमाएका, घाइते भएकाहरुलाई स्वीकृत मापदण्ड बमोजिम राहत रकम उपलब्ध गराउने । | विपद् पश्चात तत्काल | गाउँपालिका, स्थानीय विपद् व्यवस्थापन समिति, वडास्तरीय समिति, वडा कार्यालय |
| १० | विपद्को सङ्कटकाल घोषणा गर्नुपर्ने अवस्था भएमा जिल्ला विपद् व्यवस्थापन समिति समक्ष सिफारिस गर्ने । | विपद् पश्चात | स्थानीय विपद् व्यवस्थापन समिति |

### ३.३.२ खाद्य तथा कृषि क्षेत्रको प्रतिकार्य योजना

प्रकोपबाट सिर्जित विपद्मा प्रतिकार्य गर्न खाद्य तथा कृषि क्षेत्रको आपत्कालीन प्रतिकार्य सम्बन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छः

| क्र.सं. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरु | समय | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|
| १ | सर्वेक्षण टोलीमा प्रतिनिधि पठाइ क्षति सर्वेक्षण तथा आवश्यकता पहिचानमा सहयोग गर्ने । | विपद् पश्चात तत्काल | कृषि शाखा र विषयक्षेत्रका सदस्यहरु |

| क्र.सं. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरु | समय | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|
| २ | विपद्बाट प्रभावित भएकाहरुलाई खाद्यन्न वितरण गर्ने । | विपद्को पहिलो दिन | वातावरण तथा विपद् व्यवस्थापन शाखा, वडा कार्यालय |
| ३ | सर्वेक्षण टोलीको सिफारिसको आधारमा आवश्यक खाद्य सामग्रीको व्यवस्था गरी निर्धारित मापदण्ड बमोजिम वितरण गर्ने । | दोश्रो दिन देखि निरन्तर | वातावरण तथा विपद् व्यवस्थापन शाखा, कृषि शाखा, वडास्तरीय समिति |
| ४ | भण्डारण गरिएको खाद्य सामग्री अपुग हुने देखिएमा तत्काल खरिद गरी आपूर्तिको व्यवस्था मिलाउने । | आवश्यकता अनुसार | गाउँपालिका, स्थानीय विपद् व्यवस्थापन समिति, विषयक्षेत्र |
| ५ | प्रतिकार्यका लागि गाउँपालिकाको क्षमताले नभ्याउने भएमा थप सहयोगका लागि जिल्ला तथा प्रदेश विपद् व्यवस्थापन समितिमा थप सहयोग उपलब्ध गराउन अनुरोध गर्ने । | आवश्यकता अनुसार | गाउँपालिका अध्यक्ष/प्रमुख प्रशासकीय अधिकृत |
| ६ | थप खाद्य सामग्री आवश्यक भएमा स्थानीय तहमा क्रियाशील मानवीय सहायता कार्यमा संलग्न निकायहरुसँग समन्वय तथा अनुरोध गर्ने । | आवश्यकता अनुसार | स्थानीय विपद् व्यवस्थापन समिति, विषयक्षेत्र |
| ७ | खाद्य सामग्री वितरणमा आइपरेका समस्या तथा चुनौतीहरुको विषयमा विषयक्षेत्रको समीक्षा बैठक गर्ने र निष्कर्ष सहितको प्रतिवेदन स्थानीय विपद् व्यवस्थापन समितिमा पेश गर्ने । | प्रतिकार्यको आधारमा कम्तीमा एक पटक | कृषि शाखा, विषयक्षेत्र |

### ३.३.३ स्वास्थ्य तथा पोषण क्षेत्रको प्रतिकार्य योजना

विपद् प्रतिकार्यको सन्दर्भमा स्वास्थ्य तथा पोषण क्षेत्रको आपत्कालीन प्रतिकार्य सम्बन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छः

| क्र.सं. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरु | समय | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|
| १ | सर्वेक्षण टोलीमा प्रतिनिधि पठाइ क्षति सर्वेक्षण तथा आवश्यकता पहिचान कार्यमा सहयोग गर्ने । | विपद् पश्चात | स्वास्थ्य शाखा, विषयक्षेत्र |
| २ | विपद्को घटनामा घाइते भएकाहरुको प्राथमिक उपचार गर्ने । | आवश्यकता अनुसार | स्वास्थ्य शाखा, विषयक्षेत्र |
| ३ | स्थानीय स्तरमा उपचार हुन नसक्ने घाइते तथा विरामीलाई नजिकको स्वास्थ्य केन्द्र वा अस्पताल लैजान व्यवस्था मिलाउने । | आवश्यकता अनुसार | स्वास्थ्य शाखा विषयक्षेत्र |
| ४ | महामारी रोकथाम र व्यक्तिगत सरसफाइ कायम राख्न स्वास्थ्य शिक्षा प्रदान गर्ने । | आवश्यकता अनुसार | स्वास्थ्य शाखा, शिक्षा शाखा, विद्यालय, विषयक्षेत्र |
| ५ | विपद् प्रभावित स्थानमा स्वास्थ्य शिविर सञ्चालन गर्ने । | आवश्यकता अनुसार | स्वास्थ्य शाखा, विषयक्षेत्र |
| ६ | गर्भवती महिला, सुत्केरी, बालबालिका, जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुलाई आवश्यकता अनुसार स्वास्थ्य सेवा प्रदान गर्ने तथा पोषणयुक्त खानेकुरा वितरणको व्यवस्था मिलाउन खाद्य तथा पोषण क्षेत्रलाई सिफारिस गर्ने । | आवश्यकता अनुसार | स्वास्थ्य शाखा, विषयक्षेत्र |



| क्र.सं. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरु | समय | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|
| ७ | औषधि, सुरक्षाका सामग्री (पिपिइ सेट, सर्जिकल मास्क, स्यानीटाइजर, साबुन) तथा उपकरण(थर्मल गन, भेन्टिलेटर, फ्रिज, टेष्टिङ्ग किट) लगायतका सामग्रीहरु पहिचान गरी सोको व्यवस्था गर्ने । | आवश्यकता अनुसार | गाउँपालिका, स्वास्थ्य शाखा, विषयक्षेत्र |

### ३.३.४ खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको प्रतिकार्य योजना

विपद् प्रतिकार्य गर्न खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको आपत्कालीन प्रतिकार्य सम्बन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छः

| क्र.सं. | विपद् प्रतिकार्य सम्बन्धी क्रियाकलापहरु | समय | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|
| १ | सर्वेक्षण टोलीमा प्रतिनिधि पठाइ क्षति सर्वेक्षण तथा आवश्यकता पहिचान कार्यमा सहयोग गर्ने । | विपद् पश्चात तत्काल | सामाजिक विकास शाखा |
| २ | विपद् प्रभावित क्षेत्र वा शिविर सञ्चालन भएको स्थानमा शुद्ध खानेपानीको प्रवन्ध गर्ने । | विपद् पश्चात तत्काल | खानेपानी एकाइ, विषयक्षेत्र |
| ३ | विपद्का कारण सिर्जित फोहोर व्यवस्थापनको कार्य गर्ने । | विपद् पश्चात तत्काल | सरसफाइ एकाइ, विषयक्षेत्र |
| ४ | पियुस, क्लोरिन जस्ता खानेपानी शुद्धीकरणका औषधि तथा व्यक्तिगत सरसफाइका लागि हाइजिन किट वितरण गर्ने र सरसफाइ तथा स्वच्छता कायम गर्न चेतनामूलक कार्यक्रम गर्ने । | विपद् पश्चात तत्काल | खानेपानी र सरसफाइ एकाइ, शिक्षा शाखा, विषयक्षेत्र, नेपाल रेडक्रस सोसाइटी |
| ५ | खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको विपद् प्रतिकार्यको समीक्षा गरी प्रतिवेदन गर्ने । | विपद् पश्चात तत्काल | सामाजिक विकास शाखा, विषयक्षेत्र |

### ३.३.५ आपत्कालीन आश्रय र गैर खाद्य सामग्री क्षेत्रको प्रतिकार्य योजना

विपद् प्रतिकार्य गर्न आपत्कालीन आश्रय र गैर खाद्य सामग्री क्षेत्रको आपत्कालीन प्रतिकार्य सम्बन्धी कार्यहरुको योना देहाय अनुसार तर्जुमा गरिएको छ :

| क्र.सं. | विपद् प्रतिकार्य सम्बन्धी क्रियाकलापहरु | समय | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|
| १ | सर्वेक्षण टोलीमा प्रतिनिधि पठाइ क्षति सर्वेक्षण तथा आवश्यकता पहिचान कार्यमा सहयोग गर्ने । | विपद् पश्चात तत्काल | वातावरण तथा विपद् व्यवस्थापन शाखा, विषयक्षेत्र, नेपाल रेडक्रस सोसाइटी |
| २ | पहिचान भएको सुरक्षित स्थानमा आश्रय बासको लागि अस्थायी संरचना निर्माण गर्ने । | विपद् पश्चात तत्काल | पूर्वाधार विकास शाखा, वडा कार्यालय, विषयक्षेत्र, नेपाल रेडक्रस सोसाइटी |
| ३ | आवश्यक गैरखाद्य सामग्रीको वितरण गर्ने | आवश्यकता अनुसार | वातावरण तथा विपद् व्यवस्थापन शाखा, वडा कार्यालय, विषयक्षेत्र, नेपाल रेडक्रस सोसाइटी |
| ४ | आपत्कालीन आश्रय र गैर खाद्य सामग्री क्षेत्रको विपद् प्रतिकार्यको समीक्षा गरी प्रतिवेदन गर्ने । | निरन्तर | विषयक्षेत्रका समूह सदस्यहरु |

### ३.३.६ संरक्षण तथा सुरक्षा क्षेत्रको प्रतिकार्य योजना

विपद् प्रतिकार्य गर्न संरक्षण तथा सुरक्षा क्षेत्रको आपत्कालीन प्रतिकार्य सम्बन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छ :

| क.सं. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरु | समय | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|
| १ | सर्वेक्षण टोलीमा प्रतिनिधि पठाइ क्षति सर्वेक्षण तथा आवश्यकता पहिचान कार्यमा सहयोग गर्ने । | विपद् पश्चात तत्काल | महिला तथा बालबालिका शाखा, विषयक्षेत्र |
| २ | पहिचान भएका आवश्यकता बमोजिम गर्भवती महिला, सुत्केरी, बालकालिका, अपाङ्गता भएका व्यक्ति र जेष्ठ नागरिकलाई सहयोग गर्ने । | आवश्यकता अनुसार | महिला तथा बालबालिका शाखा, विषयक्षेत्र |
| ३ | गर्भवती महिला, सुत्केरी, बालबालिका, अपाङ्गता भएका व्यक्ति र जेष्ठ नागरिकका लागि आवश्यक सामग्रीहरुको दैनिक सूची तयार गरी सामग्री जुटाउने र वितरण गर्ने । | आवश्यकता अनुसार | महिला तथा बालबालिका शाखा, विषयक्षेत्र |
| ४ | विशिष्ट आवश्यकता अनुसारका सामग्री जस्तै : डिग्निटी किट वितरण गर्ने । | विपद् पश्चात सकेसम्म छिटो र आवश्यकता अनुसार | महिला तथा बालबालिका शाखा, विषयक्षेत्र |
| ५ | विपद्को घटनाबाट मानसिक रुपमा प्रभावित व्यक्ति र परिवारका सदस्य गुमाएका व्यक्तिहरुलाई परिस्थितिको आकलन गरी मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने । | विपद् पश्चात सकेसम्म छिटो र आवश्यकता अनुसार | महिला तथा बालबालिका शाखा, स्वास्थ्य शाखा, विषयक्षेत्र |
| ६ | संरक्षण तथा सुरक्षा क्षेत्रको विपद् प्रतिकार्यको समीक्षा गरी प्रतिवेदन गर्ने । | प्रतिकार्यको कार्य सम्पन्न भएपछि | महिला तथा बालबालिका शाखा, विषयक्षेत्र |

### ३.३.७ आपत्कालीन शिक्षा क्षेत्रको प्रतिकार्य योजना

विपद् प्रतिकार्य गर्न आपत्कालीन शिक्षा क्षेत्रको आपत्कालीन प्रतिकार्य सम्बन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छ:

| क.सं. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरु | समय | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|
| १ | सर्वेक्षण टोलीमा प्रतिनिधि पठाइ क्षति सर्वेक्षण तथा आवश्यकता पहिचान कार्यमा सहयोग गर्ने । | विपद् पश्चात तत्काल | शिक्षा शाखा, विषयक्षेत्र |
| २ | प्रकोपबाट प्रभावित विद्यालयहरुको सूची तयार गरी सम्बन्धित विद्यालयका विद्यार्थीहरुले गुमाएका पठनपाठनका सामग्रीहरुको वितरण तयार गर्ने । | विपद् पश्चात तत्काल | शिक्षा शाखा, विद्यालय, विषयक्षेत्र |
| ३ | विद्यालय ३ दिन भन्दा बढी बन्द हुने अवस्था भएमा आपत्कालीन शिक्षाका लागि प्रवन्ध मिलाउने । | आवश्यकता अनुसार | शिक्षा शाखा, विद्यालय, विषयक्षेत्र |
| ४ | आपत्कालीन शिक्षाका लागि आवश्यक सरसमानको व्यवस्था गरी पठनपाठन सुचारु गर्ने । | आवश्यकता अनुसार | शिक्षा शाखा, विद्यालय, विषयक्षेत्र |
| ५ | शिक्षा क्षेत्रको विपद् प्रतिकार्यको समीक्षा गरी प्रतिवेदन गर्ने । | प्रतिकार्यको कार्य सम्पन्न भएपछि | शिक्षा शाखा, विषयक्षेत्र |



### ३.३.८ शीघ्र पुनर्लाभ क्षेत्रको प्रतिकार्य योजना

विपद् प्रतिकार्य गर्न आपत्कालीन शीघ्र पुनर्लाभ क्षेत्रको आपत्कालीन प्रतिकार्य सम्बन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छ:

| क.सं. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरु | समय | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|
| १ | सर्वेक्षण टोलीमा प्रतिनिधि पठाइ क्षति सर्वेक्षण तथा आवश्यकता पहिचान कार्यमा सहयोग गर्ने । | विपद् पश्चात | पूर्वाधार विकास शाखा, विषयक्षेत्र |
| २ | भौतिक संरचनाहरु नोक्सान भइ सेवा अवरुद्ध भएको स्थान पहिचान गरी तथ्याङ्क संकलन गर्ने र तत्काल सुचारु गर्नुपर्ने सेवाहरुको प्राथमिकीकरण गर्ने । | आवश्यकता अनुसार | पूर्वाधार विकास शाखा, विषयक्षेत्र |
| ३ | सार्वजनिक सेवा अवरुद्ध भएका भौतिक संरचनाहरुको मर्मत सम्भारका लागि टोली परिचालन गरी सेवा सुचारु गर्ने । | आवश्यकता अनुसार | पूर्वाधार विकास शाखा, विषयक्षेत्र |
| ४ | विपद्बाट आर्थिक सामाजिक क्षेत्रमा परेको प्रभाव लेखाजोखा गरी शीघ्र पुनर्लाभका कार्यक्रम सञ्चालन गर्ने । | विपद् पश्चात तीन महिना भित्र | वातावरण तथा विपद् व्यवस्थापन शाखा, सामाजिक विकास शाखा, विषयक्षेत्र |
| ५ | शीघ्र पुनर्लाभ क्षेत्रको विपद् प्रतिकार्यको समीक्षा गरी प्रतिवेदन गर्ने । | प्रतिकार्यको कार्य सम्पन्न भएपछि | पूर्वाधार विकास शाखा, विषयक्षेत्र |

# परिच्छेद-४
# बन्दोबस्ती सामग्रीको उपलब्धता तथा आवश्यकताको लेखाजोखा

## ४.१ श्रोत साधनको वर्तमान अवस्था

बन्दोबस्तीका सामग्रीहरुको उपलब्धताको लेखाजोखा विषयक्षेत्रका आधारमा गरिएको छ । यस गाउँपालिकामा विपद्जन्य घटनाहरुमा सम्बन्धित विषयक्षेत्र अन्तर्गत उपलब्ध श्रोत साधन तथा सामग्रीहरुको विद्यमान अवस्था देहाय बमोजिम रहेको छ :

| विषयक्षेत्र | श्रोत, साधन/उपकरण | संख्या वा परिमाण | भण्डारण स्थल/स्थान |
|---|---|---|---|
| समग्र व्यवस्थापन/सूचना खोज तथा उद्धार | दमकल (आवश्यक औजार सेट सहित) | ० | गाउँपालिका |
| | एक्साभेटर (जेसिवि) | १ | गाउँपालिका |
| | लाईफ ज्याकेट | २ | गाउँपालिका,नेपाल रेडक्रस सोसाईटी |
| | क्लाइम्बिङ डोरी | ० | गाउँपालिका |
| | सेफ्टि हेल्मेट | १ | गाउँपालिका |
| | रवर बोट | ० | गाउँपालिका |
| | स्ट्रेचर | २ | गाउँपालिका |
| | मेगा ह्याण्ड माइक | १ | गाउँपालिका |
| | ईमर्जेन्सी टर्च लाईट | ० | गाउँपालिका |
| | आगो निभाउने यन्त्र | १२ | गाउँपालिका, नेपाल रेडक्रस सोसाईटी |
| | साईरन | ० | गाउँपालिका,नेपाल रेडक्रस सोसाईटी,जिल्ला प्रशाशन कार्यालय |
| | रवरको पन्जा | ० | गाउँपालिका |
| | थ्रो ब्याग | ० | गाउँपालिका |
| | प्राथमिक उपचार किट | ० | नेपाल रेडक्रस सोसाईटी |
| खाद्यन्न तथा कृषि | किटनाशक विषादी | ५०० | कृषि शाखा |
| | चामल | ० | नेपाल रेडक्रस सोसाईटी |
| | नुन,तेल प्याकेट | ० | नेपाल रेडक्रस सोसाईटी |
| स्वास्थ्य तथा पोषण | स्यानीटरी प्याड | ० | गाउँपालिका |
| | इमरजेन्सी किट | ० | गाउँपालिका |
| | ह्याण्डवास तथा साबुन | ० | गाउँपालिका |
| | पिपिई सेट/गाउन | २०/१०० | गाउँपालिका |
| | सर्जिकल ग्लोब | २०० | गाउँपालिका |
| | स्यानीटाईजर | ५० लिटर | गाउँपालिका |



| विषयक्षेत्र | श्रोत, साधन/उपकरण | संख्या वा परिमाण | भण्डारण स्थल/स्थान |
|---|---|---|---|
| | क्लोरिन पाउडर | ० | गाउँपालिका |
| | मेडिसिन | २०० | गाउँपालिका |
| | आर.एल.बोतल | १०० | गाउँपालिका |
| | प्राथमिक उपचार बाकस/किट | १ | गाउँपालिका |
| खानेपानी,सरसफाई तथा स्वच्छता | पियुष | ० | गाउँपालिका |
| | एक्वा ट्याब | ० | गाउँपालिका |
| | पि.ए.भाइल | ० | गाउँपालिका |
| | पानी जाँच्ने किट | ० | गाउँपालिका |
| | पाईप तथा फिटिङ्स | ० | गाउँपालिका |
| | अस्थायी शौचालय किट | ० | गाउँपालिका |
| आपत्कालीन आश्रय तथा गैर खाद्य सामग्री क्वारेण्टाइन व्यवस्थापन | ईन्धनबाट चल्ने आरा/ह्याक्सा (Hacksaw) | ० | गाउँपालिका |
| | खन्ती (सब्बल)/कोदालो | २ र ७ | गाउँपालिका,नेपाल रेडक्रस सोसाईटी |
| | गैति र बेल्चा सेट | ४ | गाउँपालिका |
| | एयर लिफ्ट ब्याग | ० | जिल्ला प्रशासन कार्यालय |
| | त्रिपाल/टेन्ट | २ | गाउँपालिका,नेपाल रेडक्रस सोसाईटी |
| | भाँडाकुँडा सेट | १ | गाउँपालिका,नेपाल रेडक्रस सोसाईटी |
| | जस्तापाता | ० | गाउँपालिका,नेपाल रेडक्रस सोसाईटी |

नोट : यस्ता सामग्रीहरुको विषयक्षेत्रबाट प्राप्त विवरण अनुसार अभिलेख अद्यावधिक गर्ने कार्य विपद् व्यवस्थापन शाखाले नियमित रुपमा गर्नेछ ।

## ४.२ विपद् प्रतिकार्यका लागि जनशक्तिको उपलब्धता

यस गाउँपालिकामा विपद्जन्य घटनामा सबै विषयक्षेत्रका सदस्यहरु र स्थानीय समुदायहरु प्रतिकार्यका लागि परिचालित हुनेछन् । यस बाहेक ४२ जना प्राथमिक उपचार कार्यदल दक्ष व्यक्तिहरु रहेका छन् ।

जनशक्ति सम्बन्धी विवरण हेरफेर भईरहन सक्ने हुँदा सबै विषयक्षेत्रले विपद् प्रतिकार्यका लागि विद्यमान जनशक्तिको तथ्याङ्क नियमित रुपमा अद्यावधिक गरी एकीकृत अभिलेख राख्ने प्रयोजनका लागि विपद् व्यवस्थापन शाखामा पठाउनु पर्नेछ ।

## ४.३ बन्दोबस्ती सामग्रीको आंकलन

विपद्जन्य घटनाहरुमा प्रतिकार्यका लागि गैर खाद्य सामग्रीहरु र सोको भण्डारण स्थल र मानवीय सहायता स्थलको लागि देहाय अनुसारको व्यवस्था गरिएको छ :

- विपद्का घटनाहरुमा प्रतिकार्यका लागि गैर खाद्य सामग्रीहरुको गोदाम घर (भण्डारण स्थल) ४ नम्बर वडाको यसममा रहेको छ ।
- मन्थली विमानस्थल परिसरमा रहेको मानवीय सहायता स्थल यस लिखु गाउँपालिकाको लागि विपद् प्रतिकार्यको निमित्त उपयोग गरिनेछ ।

## ४.४ थप स्रोत साधनको आवश्यकता र अनुमानित लागत

माथि उल्लिखित विद्यमान श्रोत साधनका अतिरिक्त विपद् प्रतिकार्यको लागि विषयक्षेत्रहरुलाई आवश्यक पर्ने थप स्रोत,साधन र उपकरणको विवरण तथा सोको अनुमानित लागत देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

| विषयक्षेत्र | आवश्यक स्रोत,साधन /उपकरण | थप संख्या वा परिमाण | अनुमानित रकम (रु. हजारमा) |
|---|---|---|---|
| समग्र व्यवस्थापन/सूचना खोज तथा उद्धार | लाईफ ज्याकेट | ४५ | ६७.५ |
| | क्लाइम्बिङ डोरी | १८ | ९ |
| | सेफ्टि हेल्मेट | ४५ | २२.५ |
| | स्ट्रेचर | ४२ | १२६ |
| | मेगा ह्याण्ड माइक | ९ | १३.५ |
| | ईमर्जेन्सी टर्च लाईट | ४५ | ३१.५ |
| | आगो निभाउने यन्त्र | ९ | २४.३ |
| | साईरन | १ | १ |
| | रवरको पन्जा | १०० जोर | ४० |
| | प्राथमिक उपचार किट | १७ | ३४ |
| खाद्यन्न तथा कृषि | चामल | ५० | १०० |
| | नुन,तेल प्याकेट | ५० | १६.५ |
| स्वास्थ्य तथा पोषण | स्यानीटरी प्याड | ३०० | ५.६ |
| | ह्याण्डवास तथा साबुन | २०० | ८ |
| | क्लोरिन पाउडर | १०० | १८ |
| खानेपानी, सरसफाई तथा स्वच्छता | पियुष | ४५ | १.५ |
| | पानी जाँच्ने किट | ९ | १८ |
| | पाईप तथा फिटिङ्स | १५ | १६५ |
| | अस्थाई शौचालय किट | २७ | ५४ |
| आपत्कालीन आश्रय तथा गैर खाद्य सामग्री क्वारेण्टाइन व्यवस्थापन | ईन्धनबाट चल्ने आरा/ह्याक्सा (Hacksaw) | ९ | १८० |
| | खन्ती (सव्वल)/कोदालो | २० | २७.५ |
| | गैती र बेल्चा सेट | २३ | २७.६ |
| | त्रिपाल/टेन्ट | ४३ | ६४.५ |
| | भाँडाकुँडा सेट | १७ | ८५ |
| | जस्तापाता | ९० | १२६ |



# परिच्छेद-५
# विविध

## ५.१ स्रोत साधनको व्यवस्थापन

विपद् व्यवस्थापनका लागि यस गाउँपालिकामा स्थानीय विपद् व्यवस्थापन कोष स्थापना गरिएको छ । यस विपद् पूर्वतयारी र प्रतिकार्य योजनामा स्वीकृत क्रियाकलापका लागि उक्त कोषमा उपलब्ध बजेट पर्याप्त भएमा विषयक्षेत्रलाई बजेटको आवश्यकता र उपलब्धताका आधारमा रकम निकासा गरिनेछ । कोषमा पर्याप्त बजेट उपलब्ध नभएको अवस्थामा स्वीकृत वार्षिक बजेटबाट यस्तो रकम उपलब्ध गराइनेछ । स्वीकृत क्रियाकलाप कार्यान्वयन गर्ने कार्य वडा कार्यालय मार्फत हुन सक्ने अवस्थामा यस्तो रकम सम्बन्धित वडा कार्यालयलाई उपलब्ध गराईनेछ ।

गाउँपालिकाको आफ्नो स्रोत साधनले कार्यान्वयन सम्भव नहुने क्रियाकलापको लागि प्रदेश सरकार वा जिल्ला प्रशासन कार्यालय मार्फत सङ्घीय सरकारसँग अनुरोध गरिनेछ । साथै थप आवश्यक सहयोगका लागि मानवीय सहायता कार्यमा संलग्न निकाय तथा विकास साझेदार संस्था,स्थानीय सामाजिक सङ्घ संस्था तथा निजी क्षेत्रसँग समन्वय गरिनेछ ।

## ५.२ अन्य निकायसँगको समन्वय र सहकार्य

विपद् पूर्वतयारी तथा प्रतिकार्य लागि छिमेकी चम्पादेवी गाउँपालिका र खिजीदेम्बा गाउँपालिकासँग सहयोग आदान प्रदान गरिनेछ । यस्तो सहयोग विशेष गरी बाढी,पहिरो र आगलागीको समयमा प्रतिकार्यका लागि दमकल,एम्बुलेन्स तथा अत्यावश्यक मानवीय सहायता सामग्रीको उपयोगमा केन्द्रित हुनेछ । अन्य किसिमका थप सहयोग आदान प्रदान गर्न कार्यपालिकाले अन्य स्थानीय तहहरुसँग आवश्यक समझदारी वा सम्झौता गर्न सक्नेछ ।

नेपाल सरकार,प्रदेश तथा जिल्ला स्थित कार्यालयहरुबाट समेत विपद् प्रतिकार्यको लागि स्रोत,साधन प्राप्त हुने अपेक्षा गरिएको छ । जिल्ला विपद् व्यवस्थापन समिति,जिल्ला स्थित अन्य गैर सरकारी निकाय तथा निजी क्षेत्रसँग समन्वय गरी थप स्रोत परिचालन गरिनेछ । जिल्ला आपत्कालीन कार्य सञ्चालन केन्द्रसँग विपद् सम्बन्धी सूचना आदान प्रदान गर्न आवश्यक समन्वय गरिनेछ ।

## ५.३ अनुगमन,मूल्याङ्कन तथा सिकाइ

यस योजना कार्यान्वयनको नियमित अनुगमन र मूल्याङ्कन गर्ने कार्य अनुगमन तथा सुपरिवेक्षण समितिले गर्नेछ । उक्त समितिले स्थानीय विपद् व्यवस्थापन समिति समक्ष प्रतिवेदन पेश गर्नेछ । यस्तो प्रतिवेदनमा औंल्याइएका सुधार गर्नु पर्ने विषयलाई सम्बन्धित विषयक्षेत्रले सुधार गरी कार्यान्वयन गर्नु पर्नेछ । योजनामा नै सुधार गर्नु पर्ने अवस्थामा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको परिमार्जन गर्दा समावेश गरिनेछ । यस योजनाको पुनरावलोकन तथा पृष्ठपोषण सङ्कलन तलको तालिका बमोजिम हुनेछ :

| विवरण | जिम्मेवार निकाय | गर्नुपर्ने मुख्य कार्य | समय |
|---|---|---|---|
| योजना कार्यान्वयन समीक्षा | स्थानीय विपद् व्यवस्थापन समिति | आवधिक रुपमा समीक्षा बैठक गर्ने | कार्तिक |
| | | | माघ |
| | | | वैशाख |
| | | | श्रावण (आगामी आ.व.को) |
| योजना पुनरावलोकन | स्थानीय विपद् व्यवस्थापन समिति | विषयक्षेत्र अनुसारका क्रियाकलापहरुको पुनरावलोकन गरी योजना अद्यावधिक गर्ने | प्रत्येक वर्ष कार्तिक मसान्त |

## ५.४ क्षमता विकास रणनीति र योजना

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको प्रभावकारी कार्यान्वयन गर्नका लागि दक्ष स्रोत व्यक्ति तथा संस्थाहरुको सहयोगमा देहायका क्रियाकलापहरु सञ्चालन गरिनेछ :

| क्र.सं. | क्षमता विकास क्रियाकलापहरु | जिम्मेवारी | समय तालिका |
|---|---|---|---|
| १ | विषयक्षेत्रका जनशक्तिलाई उक्त क्षेत्रसँग सम्बन्धित विषयमा अभिमुखीकरण,तालिम र अभ्यासको व्यवस्था गर्ने । | स्थानीय विपद् व्यवस्थापन समिति | विपद् व्यवस्थापन पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा पश्चात |
| २ | वडास्तरका विपद् व्यवस्थापन समितिलाई विपद् व्यवस्थापन सम्बन्धी अभिमुखीकरण,तालिम प्रदान गर्ने । | विपद् व्यवस्थापन शाखा | विपद् व्यवस्थापन पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा पश्चात |
| ३ | स्थानीय विपद् व्यवस्थापन कोषलाई प्रभावकारी रुपमा सञ्चालन गर्न क्षमता विकास गर्ने । | स्थानीय विपद् व्यवस्थापन समिति | आगामी आ.व. योजना तर्जुमा प्रक्रिया सुरु हुनु भन्दा अगावै |
| ४ | विपद् प्रभावित स्थानमा रहेका विद्यालयहरु र स्थानीय स्वयंसेवकहरुलाई विपद् प्रतिकार्य सम्बन्धी तालिम प्रदान गर्न विषयक्षेत्रको क्षमता विकास गर्ने । | स्थानीय विपद् व्यवस्थापन समिति | मनसुन अगावै तथा विपद्को घटना हुनु अघि |
| ५ | बन्दोबस्तीका सामान तथा औजारहरु व्यवस्थापनका लागि विषयक्षेत्रहरुको क्षमता विकास गर्ने । | स्थानीय विपद् व्यवस्थापन समिति | मनसुन अगावै तथा विपद्को घटना हुनु अघि |



# अनुसूचीहरू

## अनुसूची–१
## प्राविधिक कार्य समूहको प्रथम बैठकको कार्यसूची

गाउँपालिका : लिखु जिल्ला : ओखलढुङ्गा प्रदेश : १
स्थान : गाउँ कार्यपालिकाको कार्यालय यसम

छलफलका विषयहरु :

१. गत वर्षका विपद्का घटनाहरु र व्यवस्थापन सम्बन्धी समीक्षा,
२. यस वर्षको पूर्वानुमान,
३. सङ्कटासन्नता र जोखिमको बस्तुस्थिति,
४. विषयक्षेत्रहरु र तिनको योजना,
५. योजना तर्जुमा वा अद्यावधिक गर्ने प्रक्रिया,
६. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमामा प्राविधिक सहयोग गर्नका लागि अनुभव प्राप्त विज्ञ सम्मिलित कार्यटोलीको गठन गर्ने र कार्यशर्तहरु छलफल गरी स्वीकृत गर्ने,
७. पूर्वतयारी योजना तर्जुमा प्रक्रियामा सहयोग र समन्वय,
८. समितिको आगामी बैठक सम्बन्धमा ।

## अनुसूची–२
## स्थानीय विपद् व्यवस्थापन समितिबाट प्राविधिक कार्य समूहलाई प्रदान कार्यादेश

१. उपलब्ध तथ्याङ्क, दस्तावेज,प्रकाशन तथा अभिलेखहरुको अध्ययन तथा विश्लेषण गर्ने,
२. विपद् व्यवस्थापन सम्बन्धी मौजुदा योजनाहरु,कम्तीमा विगत ५ वर्षको विपद्का घट्ना सम्बन्धी तथ्याङ्क र प्रकाशनहरु,प्रकोप नक्शा,सङ्कटासन्नता तथा जोखिम आंकलन,पूर्वानुमान तथा पूर्वसूचना प्रणाली लगायत अन्य सान्दर्भिक सामग्रीको पुनरावलोकन र समीक्षा गर्ने,
३. सम्वन्धित तहका आवधिक विकास योजनाहरु,विषयक्षेत्रगत योजनाहरु,प्रतिवेदनहरु,
४. आधारभूत अध्ययन लगायतका कार्य गर्ने,
५. विपद् व्यवस्थापनको विगतको अभ्यास अनुभव तथा सिकाइसम्बन्धी अध्ययन तथा समीक्षा गर्ने,
६. विगतको विपद् पूर्वतयारी र प्रतिकार्य योजना तथा विषयक्षेत्रगत आकस्मिक योजनाहरुको अध्ययन र समीक्षा गर्ने,
७. स्थानीय मौसम तथा बाढी पूर्वानुमान र पूर्वसूचना प्रणाली,महामारी निगरानी प्रणाली,सडक सुरक्षा कार्ययोजना अध्ययन र प्रवृति विश्लेषण गर्ने,
८. स्थानीय तहमा कार्यरत सरोकारवाला तथा साझेदार संस्थाको पहिचान गरी सूची तयारी गर्ने,
९. कार्यशाला गोष्ठीको सञ्चालन विधि,समय,स्थान,स्थान,कार्यसूचीको छनौट तथा स्रोत साधन जस्ता विषयमा सहयोग र परामर्श प्रदान गर्ने,
१०. सबै विषयक्षेत्रका योजनाहरु एकत्रित गरी मस्यौदा तयार गर्ने,
११. अनुसूचीमा उल्लिखित नमूना बमोजिम स्थानीय तहमा कार्यरत सरोकारवाला तथा साझेदार संस्थाको पहिचान गरी सूची तयार गर्ने ।



## अनुसूची–३
## सरोकारवाला निकायको पहिचान तालिका

| क. सं. | निकाय | विषयक्षेत्र | कार्यरत | सम्पर्क व्यक्तिको नाम पद | सम्पर्क नं. |
|---|---|---|---|---|---|
| १ | सुरक्षा | उद्धार,शान्ति तथा सुरक्षा | गाउँपालिका | कुमार राई प्रसनि | ९८६१८९१३५० |
| २ | स्वास्थ्य | औषधी उपचार, रोग नियन्त्रण तथा सचेतना | गाउँपालिका | देवी लुइटेल | ९८४३०७७७२० |
| ३ | शिक्षा | सचेतना | गाउँपालिका | रचना मैनाली | ९८४९५२५४८९ |
| ४ | भौतिक पूर्वाधार | आवास | गाउँपालिका | रविशंकर कुमार दास | ९८४३७०४७८६ |
| ५ | कृषि | खाद्य व्यवस्थापन | गाउँपालिका | दिपिका ढुँगेल | ९८६७८०६४७९ |
| ६ | भेटेरीनरी | पशु | गाउँपालिका | राजकुमार कटवाल | ९८४२९८१८८६ |
| ७ | सुरक्षा | राहत तथा उद्धार | गाउँपालिका | केवीराज तामाङ | ९८६२९६९८५३ |
| ८ | सनराइज युवा क्लव | खेलकुद | वडा नं. ७ | राजकुमार थापा | |
| ९ | महिला | सामाजिक कार्य तथा महिला सशक्तिकरण | गाउँपालिका | रमा ढुँगेल | ९८४३१७८७२२ |
| १० | लिखु मगर समाज | भाषा सस्कृति | लिखु ४ | प्रेम ब. लुँगेली मगर | |
| ११ | प्यागर ग्याल्वो तामाङ समाज | जातीय तथा भाषा सस्कृति | लिखु २ | तेज ब. तामाङ | ९७४११७८२०४ |
| १२ | श्री लिखु युथ क्लव | भाषा सस्कृति तथा खेलकुद | लिखु ४ | ओम ब. कार्की | ९८४१५१२८४२ |
| १३ | लिखु मातृभूमि युथ क्लव | भाषा सस्कृति तथा खेलकुद | लिखु ४ | सुवोद सुवेदी | ९८६५५९६८६८ |
| १४ | श्री पोखरी एकता युवा क्लव | खेलकुद | लिखु ९ | चन्द्र ब. तामाङ | ९७४८६४२७७० |
| १५ | चिनेटार भकारेढुँगा सेवा समाज | खेलकुद तथा वातावरण | लिखु ८ | कृष्ण पौडेल | ९८६००७३६२० |
| १६ | नर्मदेश्वर रमाइलोडाँडा युवा क्लव | खेलकुद विकास तथा प्रवर्द्धन | लिखु ३ | टकराज जोशी | ९८६२६३०४९२ |
| १७ | जनउत्थान क्षेत्री सेवा समाज | क्षेत्री समाजको हकहित | लिखु ९ | कुल ब. खड्का | |
| १८ | सहास नेपाल | एकीकृत सामाजिक विकास | लिखु गाउँपालिका | होम ब. विश्वकर्मा | ९८४२९२४७९२ |
| १९ | लिखु एकीकृत विकास समाज (LIDS) नेपाल | सामाजिक विकास | लिखु गाउँपालिका | हरि कुमार कार्की | ९८६९७३३३७२ |
| २० | नेपाल रेडक्स सोसाइटी उपशाखा गाम्नाङ्टार | राहत तथा उद्धार | लिखु ६ | लाल प्रसाद भटट्राई | ९८६६४५८६१० |

## अनुसूची–४
## विषयक्षेत्रको प्रथम बैठकको कार्यसूची

गाउँपालिका : लिखु जिल्ला : ओखलढुङ्गा प्रदेश : १
स्थान : गाउँ कार्यपालिकाको कार्यालय यसम ओखलढुङ्गा

छलफलका विषयहरु :

१. विषयक्षेत्रको परिचय,
२. विषयगत क्षेत्रको अगुवा वा सदस्य संस्थाको नामावली,
३. प्रमुख विपद् र प्रभावित क्षेत्रको छनौट,
४. पहिचान भएको विपद्को पूर्वतयारी तथा प्रतिकार्यमा सम्बन्धित विषयक्षेत्रको भूमिका,
५. विपद्को घटना हुनु अगाडि गरिने पूर्वतयारी र विपद् पश्चात गरिने प्रतिकार्यको समयसीमा निर्धारण,
६. विद्यमान कमी कमजोरीहरुको पहिचान,
७. प्राथमिकता प्राप्त पूर्वतयारी तथा आपत्कालीन प्रतिकार्य क्रियाकलापहरुको पहिचान,
८. प्राथमिकता प्राप्त पूर्वतयारी तथा प्रतिकार्यका लागि विषयक्षेत्रको कार्ययोजना तर्जुमा,
९. विपद्को घटना अगावै गरिने पूर्वतयारी तथा विपद्को समयमा गरिने आपत्कालीन कार्यका लागि मुख्य जिम्मेवार निकायको पहिचान,
१०. विषयगत क्षेत्रको अनुगमन,मूल्याङ्कन तथा सिकाइयोजना तर्जुमा,
११. पूर्वतयारी तथा प्रतिकार्यका क्रियाकलापका लागि लागत अनुमान (सम्भव भए सम्म),
१२. आगामी बैठक सम्बन्धमा ।



## अनुसूची–५
## विषयक्षेत्र सदस्य संस्थाको कार्यशर्त

कुनै विषयक्षेत्रमा परेको समस्या समाधानमा सहयोग गर्न सम्बन्धित तहमा तोकिएको प्राविधिक क्षमता भएको तथा अधिकार प्राप्त व्यक्ति,संस्था वा निकायलाई विषयक्षेत्र सदस्य संस्था भनिन्छ । विषयक्षेत्र सदस्य संस्थाको काम कर्तव्य देहाय अनुसार हुनेछन् ।

१. विषयगत सदस्य संस्था (सरकारी निकाय),राष्ट्र संघीय निकाय,रेडक्रस अभियानका सदस्य, राष्ट्रिय/अन्तर्राष्ट्रिय गैसस,निजी क्षेत्र आदि) का बिचमा उपयुक्त विषयगत समन्वय संयन्त्र स्थापना तथा व्यवस्थापन गर्न विषयगत अगुवा संस्था तोकि आवश्यकता अनुसार सहयोग गर्ने,
२. नेपाल सरकार र प्रदेश सरकारका जिल्ला स्थित निकाय,स्थानीय तह,नागरिक समाज तथा अन्य सरोकारवाला निकाय बिच समन्वय गर्न विषयगत अगुवा संस्थालाई सहयोग गर्ने,
३. आफ्नो विषयक्षेत्रमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्न विषयगत अगुवा संस्थालाई सहयोग गर्ने (यस अन्तर्गत विपद्को प्रकृति तथा योजना मान्यता,प्राथमिकता प्राप्त आपत्कालीन कार्य तयारी,आपत्कालीन कार्य संवोधन गर्न प्राथमिकता प्राप्त पूर्वतयारी कार्यका लागि विद्यमान कमी कमजोरी पहिचान, विषयगत कार्ययोजना आदि पर्दछन्),
४. आपत्कालीन अवस्थाका लागि पर्याप्त आकस्मिक योजना तथा पूर्वतयारीको प्रत्याभुति गराउने,
५. विषयक्षेत्रका सहभागीहरु सम्बन्धित नीतिगत मार्गदर्शन तथा प्राविधिक मापदण्डका बारेमा जानकारी राख्दछन् र सोही मापदण्डका आधारमा प्रतिकार्य गर्दछन् भन्ने कुराको प्रत्याभुति गराउन विषयगत अगुवा संस्थालाई सहयोग गर्ने,
६. विषयक्षेत्रका प्रभाव र कार्यान्वयन योजनाको प्रगतिको समीक्षा गर्न तथा पर्याप्त प्रतिवेदन र प्रभावकारी सूचना प्रवाहको प्रत्याभूति दिन र प्रभावकारी अनुगमन संयन्त्र स्थापना गर्न विषयगत अगुवा संस्थालाई सहयोग गर्ने,
७. सूचना सङ्कलन तथा प्रचारप्रसारमा योगदान गर्न श्रोत साधनको आवश्यकता पहिचान गर्ने,
८. विषयक्षेत्रका प्राथमिकता प्राप्त कार्य सञ्चालन गर्न दातृ समुदायलाई मानवीय सहायता कार्यमा लगानी गर्न प्रोत्साहन गर्ने साथै,विषयक्षेत्रका सहभागीहरुलाई स्रोत साधन परिचालन गर्न प्रोत्साहित गर्ने ।
९. मानवीय सहायतामा संलग्न साझेदार संस्थाका कर्मचारीको क्षमता विकासका लागि संचालन गर्न सहयोग गर्ने,
१०. पूर्वनिर्धारित प्राथमिकता प्राप्त विषयगत संस्थाहरुलाई अन्तिम सेवा प्रदायकका रुपमा जिम्मेवार बनाउने,
११. कार्यक्षेत्र र कार्यक्रमको प्राथमिकताका आधारमा विषयक्षेत्रका मुख्य साझेदारका मुख्य साझेदारलाई समावेश गराउने ।

## अनुसूची–६
## अगुवा सहयोगी संस्थाको कार्यशर्त

अगुवा सहयोगी संस्थाको मुख्य भूमिका विपद् पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी क्रियाकलाप तय गर्नका लागि सबै निकायहरु बिच छलफल गर्न साझा मञ्च प्रदान गरी सहजकर्ताको रुपमा विपद् व्यवस्थापन समितिलाई सहयोग गर्नु हो । यसको अन्य भूमिका देहाय बमोजिम हुनेछ । :

१. सबै निकायहरुको सहकार्यमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा कार्यमा सहयोग गर्ने,
२. विपद् व्यवस्थापन समितिसँग समन्वय गरी बैठकहरु सञ्चालन गर्ने,
३. विपद् सम्बन्धी तथ्याङ्क सङ्कलन,प्रकोप जोखिम विश्लेषण आदि कार्यमा समन्वय गर्ने र प्राविधिक तथा वित्तिय सहयोग प्रदान गर्ने,
४. प्रभावकारी प्रतिकार्य र पूर्वतयारीको लागि मुख्य सिद्धान्त वा न्युनतम मापदण्डका बारेमा समन्वय गर्ने,
५. विगतका अनुभवको आधारमा सफलता, सिकाइ, चुनौती तथा कमीकमजोरी पहिचान गर्ने,
६. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा प्रक्रियामा सबै विषयक्षेत्रका अगुवा तथा सदस्य संस्थाहरु लगायत अन्य सरोकारवालाहरुको सहभागिता सुनिश्चित गर्ने,
७. कार्यशालाको नतिजा तयार गर्ने र सम्बधित तहमा कार्यरत मानवीय सहायतामा संलग्न निकायहरुलाई जानकारी गराउने तथा स्थानीय विपद् व्यवस्थापन समितिमा विषयक्षेत्रको योजना मस्यौदा पेश गर्ने ।



## अनुसूची–७
## कार्यशाला गोष्ठीको कार्यसूची

कार्यशाला गोष्ठीका विषयवस्तु देहाय अनुसार रहेका छन् :

१. सन्दभए सामग्रीको पुनरावलोकनबाट प्राप्त निचोड,
२. निकायगत श्रोत, साधन तथा क्षमताहरु,
३. सम्भावित प्रकोप तथा सोको प्रभाव क्षेत्र,
४. विषयक्षेत्र केन्द्रित योजना र समूहगत छलफल,
५. तीनै चरणका योजनावद्ध कार्यहरुको पहिचान र प्राथमिकीकरण,
६. योजना गरिएका कार्यहरुमा सम्बन्धित निकायको दायित्व तथा भूमिका,
७. आवश्यकता तथा क्षमता विश्लेषण र क्षमता अभिवृद्धि गर्ने रणनीति,
८. न्तर सम्बन्धित सवालहरुको सम्बोधन,
९. सहकार्य र समन्वयका क्षेत्रहरु र सरोकारवालाहरु
१०. अनुगमन, मूल्याङ्कन तथा सिकाइ योजना ।

माथि उल्लिखित छलफलका विषयको संक्षिप्त चिनारी देहाय अनुसार छः

१. सन्दर्भ सामग्रीको पुनरावलोकनबाट प्राप्त निचोड : विषयक्षेत्रका सम्बन्धित सदस्यले सम्भावित प्रकोप, सङ्कटासन्नता तथा जोखिमको अवस्थाको बारेमा गरिएको पुनरावलोकन र जोखिम विश्लेषण गोष्ठीको मुख्य सत्रमा प्रस्तुत गर्नेछन् । सहभागीहरुले यसमा छलफल गरी आवश्यकता भए परिमार्जन गर्न सुझाव दिन सक्छन् । यस्तो सुझाव गोष्ठी समाप्त भएपछि पनि लिन सकिनेछ । गाउँपालिकाको प्रकोप, सङ्कटासन्नता तथा जोखिम विश्लेषणको निचोडमा छलफल गरिन्छ ।
२. निकायगत उपलब्ध श्रोत साधन तथा क्षमताहरु : पूर्वतयारी तथा प्रतिकार्य क्षमताका बारेमा विश्लेषण गर्दा विषयक्षेत्रका अगुवा र अन्य सम्बन्धित निकायसँग छलफल गरी निर्क्यौल गर्नु पर्दछ । यसको संश्लेषण कार्यशालामा प्रस्तुत गरिनेछ । हरेक निकायले पूर्वतयारी र प्रतिकार्य गर्नका लागि आफूसँग भएका श्रोत र साधनको सूची तयार गर्नु पर्दछ ।
३. सम्भावित प्रकोप र सोको प्रभाव क्षेत्र : आधारभूत अध्ययनमा सम्बन्धित तहका प्रकोपहरुको पहिचान, सङ्कटासन्न क्षेत्र तथा पर्नसकने प्रभावको मूल्याङ्कन र लेखाजोखा गर्नु पर्दछ । यसको प्रतिवेदन कार्यशालामा प्रस्तुत गर्नु पर्दछ । जोखिम विश्लेषण गर्दा दुईवटा आयाममा ध्यान दिनु पर्दछ ।

क) प्रकोपको घटना घट्ने सम्भावना,
ख) सो प्रकोपबाट जनताको जिउधन, पूर्वाधार तथा सार्वजनिक सेवा प्रवाहमा पर्नसक्ने असर र प्रभाव सामान्यतया विपद् जोखिम विश्लेषणका आधारमा प्रकोपहरु छनौट गरी योजना तयार गरिन्छ । प्रकोपको छनौट गर्दा प्रकृति, सम्भावित मात्रा रसम्भावित आपत्कालीन अवस्थालाई आधार मान्न सकिन्छ । कहिलेकाँही मात्र हुने भएतापनि भूकम्प जस्ता प्रकोपले ठूलो जनधनको क्षति पुग्न सक्दछ ।

४. विषयक्षेत्र केन्द्रित योजना र समूहगत छलफल : सहभागीहरुलाई आफ्नो संस्थाको कामसँग सम्बन्धित विषयक्षेत्र छनौट गर्न लगाउनु पर्दछ । यदि एउटै संस्था एकभन्दा बढी विषयक्षेत्रसँग सम्बन्धित भएमा संस्थाका तर्फबाट अन्य सदस्य समेत सहभागी गराउन वा सबैभन्दा बढी योगदान गर्न सकिने विषयक्षेत्र छनौट गरी समूह निर्माण गर्न सकिन्छ ।
५. तीनै चरणको योजनाबद्ध कार्यहरुको पहिचान र प्राथमिकीकरण : पूर्वतयारीका कार्यहरुमा सामान्य पूर्वतयारी र पूर्वानुमानमा आधारित पूर्वतयारी र आपत्कालीन अवस्थाका कार्यहरु हुन सक्नेछन् । उदाहरणको लागि केही पूर्वतयारी कार्यहरु निम्न हुन सक्नेछन् ।

क) सम्बन्धित तहका प्रत्येक विषयक्षेत्रमा पूर्वतयारी र प्रतिकार्य गतिविधिहरुमा संलग्न एक सक्रिया सूचना व्यवस्थापन संयन्त्र सुनिश्चत गर्ने,
ख) विपद् पूर्वतयारी र प्रतिकार्यको लागि स्वयंसेवकहरु र प्रशिक्षकहरुको क्षमता अभिवृद्धि गर्ने,
ग) स्थानीय समुदायलाई पूर्वानुमानका साथै पूर्वसूचना प्रणाली, सुरक्षा तथा उद्धार सामग्री र उपकरणले सबल बनाउने,
घ) प्रारम्भिक लेखाजोखा, मूल्याङ्कन र विस्तृत घरधुरी सर्वेक्षण फारम तथा प्रारुप तयार गर्ने,
ङ) तथ्याङ्क संकलनका लागि आवश्यक फारम तयार गर्ने,
च) पूर्वानुमान सूचना तथा सतर्कता सन्देशहरुका लागि सञ्चार माध्यमको विस्तृत अभिलेख राख्ने,
छ) पूर्वतयारी र प्रतिकार्य क्रियाकलापहरुका लागि आवश्यक मानवीय, भौतिक तथा वित्तीय श्रोतहरु पहिचान गर्ने,
ज) जनसंख्या, सङ्कटासन्न समुदाय, सामाजिक सेवा, क्षमता प्रणाली, सुरक्षा स्थिति, जीविकोपार्जन, बसोबासको अवस्था, खुल्ला ठाउँहरु, यातायात र पूर्वाधार सम्बन्धी सूचना प्राप्त गर्ने,
झ) सुरक्षित मार्गहरु, खोज तथा उद्धार मार्गहरु, सङ्कटासन्न समुदायमा हेलिप्याड, अवतरण र ड्रप जोन पहिचान गर्ने,
ञ) सम्बन्धित तहमा पूर्वतयारी तथा प्रतिकार्य टोली गठन गर्ने र उनीहरुलाई तालिम प्रदान गर्ने,
ट) अस्थायी आपत्कालीन आश्रय स्थल, खाद्य तथा गैर खाद्य वस्तुहरुका लागि भण्डारण गृह र भण्डारण स्थलको पहिचान गर्ने, श्रोत सामग्रीको आँकलन र नपुग सामग्रीको जोहो गर्ने,
ठ) आपत्कालीन राहतको लागि आवश्यक पर्ने खाद्य तथा गैर खाद्य वस्तुहरुको बजार सर्वेक्षण गर्ने,
ड) स्वास्थ्य सुरक्षा योजना तयार गर्ने, अस्थायी स्वास्थ्य केन्द्र पहिचान गर्ने,
ढ) विद्यालयहरुको जोखिमको आधारमा वर्गीकरण गर्दै सुरक्षा योजना तयार गर्ने, आकस्मिक योजना बनाउने,
ण) जीविकोपार्जनका उपायहरु (गाईपालन, बाख्रापालन र कुखुरा फर्महरु, माछा पोखरी, तरकारी खेती लगायत अन्य पेशा तथा व्यवसाय) र सुरक्षाका अन्य उपायहरु बारे योजना बनाउने,
त) बाढी निकास र नहरहरु सफा रहेको सुनिश्चित गर्ने, संवेदनशील संरचनाको मजबुती लेखाजोखा गर्ने,
थ) सुरक्षा निकाय र स्वयम् सेवकलाई खोज तथा उद्धचर तालिम प्रदान गर्ने,
द) पूर्वतयारी बारेमा राजनीतिक दल र नागरिक समाजका लागि संयुक्त अभिमुखीकरण गर्ने,
ध) कार्य सञ्चालन विधि सहितको आपत्कालीन प्रतिकार्य कोषको विकास गर्ने ।

६. योजना गरिएका कार्यहरुमा सम्बन्धित निकायको दायित्व तथा भूमिका : विभिन्न निकायहरुको जिम्मेबारी ऐन, नियम, राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा तथा सम्बन्धित निकायको कार्यक्षेत्र, कार्यसर्तहरुमा उल्लेख भए अनुसार हुन्छन् । कार्यशाला सम्बन्धित विपद् व्यवस्थापन समितिका सदस्यहरु, विषयक्षेत्रका सदस्यहरु, मानवीय कार्यमा संलग्न संस्थाहरुको भूमिकाको बारेमा छलफल गर्नुपर्द । यस्ता कार्यक्षेत्र तथा कार्यशर्तहरुलाई स्थानीय विपद् व्यवस्थापन समितिले आवश्यकता अनुसार थप स्पष्ट गर्न सक्ने छ ।

७. आवश्यकता तथा क्षमता विश्लेषण र क्षमता अभिवृद्धि गर्ने रणनीति : योजना तर्जुमा गर्दा यसको कार्यानवयनका लागि आवश्यक पर्ने सामग्री, उपकरण, जनशक्ति, आर्थिक श्रोत र योजना कार्यान्वयनमा संलग्न संस्थाहरुको क्षमता विश्लेषण गरी नपुग क्षमता परिपूर्ति गर्न आवश्यक रणनीति बनाउनु पर्छ । विश्लेषणमा विपद् घटना पश्चात प्रभावितहरुको मानवीय आवश्यकताको पूर्वानुमान (जस्तै : आश्रय स्थलमा आवश्यक पर्ने खाद्यन्न, स्वास्थ्य तथा सरसफाइ सामग्री आदि), जनसंख्याको विशेषता (जस्तै: लिङ्ग, उमेर, आर्थिक तथा सामाजिक स्तर आदि), प्रभावित समुदाय एवम् सम्बन्धित तहको प्रतिकार्य क्षमताका साथै सम्भावित भौतिक तथा वातावरणीय अवस्था(पहुँच मार्ग, बजार, सेवा प्रवाह आदिका अवस्था) लाई पनि समावेश गर्नु पर्दछ ।



८. अन्तर सम्बन्धित विषय, सवालहरुको सम्बोधन : विपद्बाट महिला/पुरुष, बालबालिका, जेष्ठ नागरिक, अशक्त वा विभिन्न कारणले भिन्न शारीरिक तथा मानसिक अवस्था भएका व्यक्तिहरुमा फरक-फरक प्रभाव पर्दछ । विपद् हुनु अगावैको अवस्थामा समेत समाजका केही समूह तथा व्यक्तिहरु आर्थिक तथा सामाजिक हिसावले सीमान्तकृत भएका हुन्छन् । यसैले सङ्कटासन्नता लेखाजोखा, क्षमता विकास र श्रोत परिचालन गर्दा महिला, पुरुष, बालबालिका, जेष्ठ नागरिक, अशक्त वा विभिन्न कारणले भिन्न शारीरिक तथा मानसिक अवस्था भएका व्यक्तिको आवश्यकता र क्षमतालाई मध्यनजर राख्नु पर्दछ । यी मद्दालाई विशेष ध्यान पुर्‍याई उनीहरुको फरक आवश्यकता, योगदान र क्षमतालाई सम्बोधन गर्नु पर्दछ । विपद्को पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनका हरेक चरणमा सबैले महिला/पुरुष, बालबालिका, जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्ति सहित सामाजिक तथा आर्थिक रुपमा पिछडिएका समुदायको पहुँच, प्रतिनिधित्व र सक्रिय सहभागिताको सुनिश्चितता गर्नु पर्दछ ।

९. सहकार्य र समन्वयका क्षेत्रहरु र सरोकारवालाहरु : योजना कार्यान्वयनका लागि परस्पर सहकार्य र समन्वयका क्षेत्रहरु पहिचान गरी योजनामा समावेश गरिन्छ । अन्य तह र निकायसँगको समन्वय र सहयोगको संयन्त्रतथा सहकार्यका क्षेत्रहरु निर्धारण गरिनु पर्दछ । अन्य तह र निकायबाट आवश्यक पर्ने सहयोग स्पष्ठ गरी समयमै जानकारी गराएमा उनीहरुले आफ्ना योजनामा राख्न सक्छन् ।

१०. अनुगमन, मूल्याङ्कन तथा सिकाइ योजना : विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाले निर्दिष्ट गरेका कार्यहरुको कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन गर्न लक्ष्य र सूचकहरु परिभाषित गरी अनुगमन, मूल्याङ्कन योजना तयार गर्नु पर्दछ ।

प्रकोप अनुसार पूर्वतयारी तथा प्रतिकार्यको अनुगमन तथा मूल्याङ्कन सामान्यतया दुई पटक गर्नु उपयुक्त हुन्छ । (जस्तै : बाढी, पहिरो जस्ता प्रकोपका लागि मनसुन पूर्व र पश्चात, शीतलहर पूर्व र पश्चात, अन्य प्रकोपको हकमा विपद् पश्चात) । योजना कार्यान्वयनको अवस्था र प्रभावकारिताको अनुगमन आवश्यकता अनुसार त्रैमासिक, चौमासिक, अर्धवार्षिक गर्न सकिन्छ । योजनाको कार्यान्वयनको वार्षिक मूल्याङ्कन र समसामयिक परिमार्जन गर्न सकिन्छ । प्रत्येक विषयक्षेत्रले पूर्वतयारी अवस्था र प्रतिकार्यको मूल्याङ्कनको लागि आ-आफ्नो योजना बनाउनु पर्दछ । विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना कार्यानवयनको समग्र प्रभाकारिता र कमजोरी तथा सिकाइहरु मूल्याङ्कन गर्ने कार्य गाउँपालिकाको अनुगमन तथा सुपरिवेक्षण समितिले गर्नु पर्नेछ । यस समितिले स्थानीय विपद् व्यवस्थापन समितिसँग प्रत्यक्ष समन्वयनमा कार्य गर्नेछ ।

## अनुसूची–८
## स्थानीय विपद् व्यवस्थापन समितिमा विद्यमान पदाधिकारीहरुको विवरण

| क्र.सं. | नामथर | पद | आवद्ध निकाय र कार्यलाय र संस्था | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १ | गोविन्द ब. पौडेल | संयोजक | गाउँपालिका | ९८४३३३२१८९ |
| २ | शान्ता ढुंगेल | सदस्य | गाउँपालिका | ९८६११५९६७८ |
| ३ | दिनानाथ चौधरी | सदस्य | गाउँपालिका | ९८५२८४२१४२ |
| ४ | कुमार राज सुवेदी | सदस्य | वडा नं. १ | ९८५४०४०९४१ |
| ५ | रामहरी बुढाथोकी | सदस्य | २ नं. वडा कार्यालय | ९८४४४१५६६६ |
| ६ | गोपाल खड्का | सदस्य | ३ नं. वडा कार्यालय | ९८४३६३२८५८ |
| ७ | घन ब. कार्की | सदस्य | ४ नं. वडा कार्यालय | ९८४१८१५३१९ |
| ८ | गोपाल खत्री | सदस्य | ५ नं. वडा कार्यालय | ९८४३५८१०२८ |
| ९ | टिकाराम क्याप्छाकी | सदस्य | ६ नं. वडा कार्यालय | ९८४९८००१७० |
| १० | वेद ब.कार्की | सदस्य | ७ नं. वडा कार्यालय | ९८४९८७०२६५ |
| ११ | विशाल कुमार पौडेल | सदस्य | ८ नं. वडा कार्यालय | ९८४३१४८२६४ |
| १२ | सुकविर तामाङ | सदस्य | ९ नं. वडा कार्यालय | ९८४९८५५२९० |
| १३ | मेघ ब. कार्की | सदस्य | नेपाली काङ्ग्रेस | ९८६१७८८९४४ |
| १४ | एकिन्द्र राज कटवाल | सदस्य | नेकपा माओवादी | |
| १५ | रचना मैनाली | सदस्य | शिक्षा एकाइ | ९८४९५१५४८९ |
| १६ | रविशंकर कुमार दास | सदस्य | पूर्वाधार एकाइ | ९८४३७०४७८६ |
| १७ | होम ब. विश्वकर्मा | सदस्य | सहास नेपाल | ९८४२९२४७९२ |
| १८ | कुमार राई | सदस्य | नेपाल प्रहरी | ९८६१८९१३५० |
| १९ | केबीराज तामाङ | सदस्य | पालिका प्रहरी | ९८६२९६९८५३ |
| २० | देवी लुइटेल | सदस्य सचिव | स्वास्थ्य एकाइ | ९८४३०७७७२० |



## अनुसूची–९
## विषयक्षेत्र अन्तर्गतका सरोकारवाला निकाय तथा संस्थाहरुको विवरण

| विषयक्षेत्र | निकाय,शाखा,कार्यालय संस्थाको नाम | टोली | सम्पर्क व्यक्तिको नाम र पद | सम्पर्क विवरण (फ्याक्स, फोन, इमेल) |
|---|---|---|---|---|
| समग्र व्यवस्थापन सूचना खोज तथा उद्धार | गाउँपालिका | प्रमुख | गोविन्द्र ब.पौडेल | ९८४३३३२१८९ |
| खाद्य तथा कृषि क्षेत्र | कृषि कार्यालय | प्रमुख | दिपिका ढुंगेल | ९८६७८०६४७९ |
| स्वास्थ्य तथा पोषण क्षेत्र | स्वास्थ्य कार्यालय | प्रमुख | देवी लुइटेल | ९८४३०७७७२० |
| खानेपानी सरसफाइ तथा स्वच्छता प्रर्वद्धन क्षेत्र | भौतिक पूर्वाधार कार्यालय | प्रमुख | रविशंकर कुमार दास | ९८४३७०४७८६ |
| संरक्षण तथा सुरक्षा क्षेत्र | नेपाल प्रहरी र पालिका प्रहरी | प्रमुख | कुमार राई र केबीराज तामाङ | ९८६१८९१३५० ९८६२९६९८५३ |
| आत्कालीन शिक्षा क्षेत्र | शिक्षा कार्यालय | प्रमुख | रचना मैनाली | ९८४९५१५४८९ |

**सन्दर्भ सामग्री**


१. जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना ओखलढुङ्गा
२. स्थानीय सरकार सञ्चालन ऐन,२०७४
३. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन,२०७४
४. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली २०७५
५. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन,२०७६





प्रकाशक

प्राविधिक सहयोग

सहास-नेपाल
SAHAS-Nepal
26 YEARS WITH COMMUNITY